साप्ताहिक
गोरखा एक्सप्रेस
GORKHA EXPRESS NATIONAL WEEKLY
गोरखा एक्सप्रेस अनलाइनमा
www.nepaltoday.com.np
माटोवादीहरुको साझा पत्रिका
वर्ष ४२ अंक २ २०८० साउन ९, मंगलबार (July 25, 2023) मूल्य रू. १०/-

भ्रष्ट व्यवस्थाको अन्त्य, हाम्रो गन्तव्य

काठमाडौं । अति भएपछि जनताले सडक संघर्ष गर्छ । हामीले सुरू गरेको विद्रोह आगोको फिलिङ्गो हो भन्दै राप्रपा नेपालले गणतन्त्रको नाममा कायम भ्रष्ट व्यवस्थाको अन्त्य अबको हाम्रो गन्तव्य भनेको छ ।

अध्यक्ष कमल थापाले सेनाको संख्या विवाद उठेको विषयमा भनेका छन्- नेपाली सेनाको संख्या घटाउनुपर्छ भन्नेहरू आत्मसमर्पणवादी हिनताबाट ग्रसित छन् ।

थापाले अगाडि भनेका छन्- नेपालको सुरक्षा संवेदनशीलतालाई दृष्टिगत गर्दै सेनालाई थप साधन श्रोत दिई चुस्तदुरूस्त राख्नुपर्छ । संख्या घटाउने होइन, नेपाली एयरफोर्स खडा गर्नुपर्छ । शान्ति सेना, राष्ट्रनिर्माण र विपद न्युनिकरणको काममा सेनाको प्रयोग बढाउनुपर्छ ।

चीनलाई तेस्रो प्राथमिकता

काठमाडौं । नेकपा माओवादीका अध्यक्ष तथा प्रधानमन्त्रीले चीनलाई तेस्रो प्राथमिकतामा राखेका छन् । पहिलोपल्ट प्रधानमन्त्री हुँदा चीन पहिलो प्राथमिकतामा राखेपनि फर्केपछि त्यो भ्रमणलाई सामान्यीकरण गर्दै भारतलाई नै प्राथमिकतामा राखेको देखाएका थिए । नेपाल भूराजनीतिको चक्करमा फसेको स्थितिमा तेस्रोपल्ट प्रधानमन्त्री हुँदा प्रचण्डले पहिलो प्राथमिकता भारतलाई, त्यसपछि अमेरिकालाई राखेको देखिन्छ ।

भारत भ्रमण सम्पन्न भइसक्यो, इटली पुगेका प्रम प्रचण्डले अब अमेरिका भ्रमण सम्पन्न गरेपछि चीन भ्रमणको तालिका सार्वजनिक हुने स्रोतले जानकारी दिएएको छ ।

चिनियाँ कम्युनिष्ट पार्टीका शीर्ष नेता युआन जियाजुन श्रीलंकाबाट सिधै ७ गते काठमाडौं आउँदा प्रम प्रचण्ड इटली थिए । इटलीबाटै जुम भेटवार्ता गरेका वाकपट्ट प्रम प्रचण्डले चीनलाई खुशी पार्ने प्रयत्न गरेको बुझिएको छ । चीनबाट आएको यति उच्च तहको भ्रमणलाई प्रम प्रचण्डले भारत र अमेरिका खुशी पार्नकै लागि पन्छिएको रूपमा चर्चा गरिदैछ ।

नेपाल रूझेको, चीनले बुझेको

अमेरिकी सहायक मन्त्री डोनाल्ड लुले प्रधानमन्त्री पत्नीलाई श्रद्धाञ्जली दिनेदेखि शीर्ष नेताहरूले एमसीसी कार्यान्वयन गर्न र देखिएका अवरोध हटाउन सहयोग गर्ने प्रतिबद्धता जनाएपछि कृतज्ञता व्यक्त गरेर फर्केका हुन् । अर्को महिना एमसीसी कार्यान्वयनको साइत छोप्ने दिन एमसीसी पदाधिकारी नेपाल आउनेछन् ।

डोनाल्ड लुको तारन्तारको नेपाल भ्रमणको उद्देश्य नेपाली नेताहरूलाई ४ थरि निर्देशन दिएर गएको बुझाइ चीनको छ । चीन निकट स्रोत भन्छ- लुले एमसीसी विवादरहित रूपमा कायान्वयन हुनुपर्छ, नयाँ परियोजनाको तैयारी, लामो समयदेखि रोकिएको एसपीपी समझदारी हुनुपर्छ र नेपालमा रहेका तिब्बती शरणार्थीहरूको हक, अधिकारको संरक्षण हुनुपर्छ ।

यिनले काट्ने तस्करीको जालो ?

भ्रष्टाचारको दाग माओवादीमाथि पनि छ । अख्तियार र अदालतमा समेत विचाराधीन मुद्दा छन् । कतिपय नेता नैतिकहीन रूपमा समेत बदनाम हुनपुगे । यस्तो बेलामा माओवादी नेता तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठ भन्छन्- आफ्नो पार्टीका नेता कार्यकर्ता जोडिएका घटना बेवास्ता गरेको छैन । भुटानी शरणार्थी, सुन काण्डका अनुसन्धान 'कुनै टार, कुनै कोट वा कुनै पार्टीले भनेर, रोकेर रोकिन्न' । तर उनी भन्न सक्दैनन्- यती, ओम्नी, वाइडबडी, लडाकु शिविरको भ्रष्टाचारका फाइल कहिले खुल्छन् ? छानविन कहिलेदेखि हुन्छ ?

एमाले र माओवादी एकतापछिको नेकपा सरकारले ३३ किलो सुन बरामद गरेको थियो । उक्त सुन तस्करीमा एक पात्र सोनम शाक्यको हत्या भयो । श्रेष्ठमाथि आरोप छ- एम गर्ने, माओवादी नेता वा समर्थकप्रति किन अनुदार ?

स्वयम् नारायणकाजी श्रेष्ठ कमान सिंह लामा र महिलासँग विवादित भएकै हुन् । त्यस विषयमा पनि कुनै निष्कर्ष सार्वजनिक भएन । ललिता निवास प्रकरण झन झन जेलिदै गएको छ । पूर्व प्रधानमन्त्रीद्वय डा.बाबुराम भट्टराई र माधवकुमार नेपालको संलग्नताबारे उनी बोल्दैनन् । कारण यी दुबै सत्ताका निकट छन् । यद्यपि श्रेष्ठको दावी छ- प्रमाणले देखेपछि, पुष्टि भएपछि अनुसन्धान र कारवाहीको दायरामा ल्याउँछु-ल्याउँछु, जुनसुकै पार्टीको भए पनि छाड्दिनँ । अचम्म के छ भने अरूलाई शंकाकै आधारमा समात्न हुने, आफ्ना पार्टीकालाई पञ्चखत माफीदिने व्यवहारले नारायणकाजी श्रेष्ठ दण्डहीनता विरोधी हुन् भन्न सकिन्न ।

भारतको मणिपुरमा हिन्दुको नरसंहार

काठमाडौं । नेपालमा खिसिक्क केही भयो भने भारतीय गोदी मिडियाले हावादारी समाचार दिएर नेपालको दोहोलो काढ्ने गर्छन् । तर ती मोदीका गोदी मिडियाले

मणिपुरमा झण्डै ३ महिनादेखि इसाई कुकी जातिका संगठित जत्थाहरूले अत्याधुनिक हातहतियार सहित हिन्दू मेतै जातिहरूको नरसंहार गरिरहेको घटना देख्दैनन्, समाचार लेख्दैनन् । अचम्म त के पनि छ भने हिन्दुराष्ट्र चाहिन्छ भन्ने हिन्दुवादीहरूसमेत मणिपुरमा हिन्दु मारिएको, हिन्दुको रक्तपात भएको देख्दैनन् ।

यतिबेला हिन्दुहरू पनि विद्रोहमा उत्रिएका छन् । दिनदिनै अप्रिय घटना घटिरहेका छन् । हिन्दुवादी भनिएको मोदी सरकार पनि हिन्दु मारिएकोमा प्रतिक्रियाविहीन भएर बसेको छ । अर्कोवर्षको चुनावमा मत घट्छ भनेर मणिपुरमा भइरहेको हिंसाका वारदातहरूमा समेत राजनीतिकरण भइरहेको विश्लेषण छ ।

अपराध अपराध हुन्छ । अपराधमा समेत राजनीतिकरण ? कोशीको नामाकरणमा जातीय फौज तैयार भइसकेका छन् । मन्दिर, मस्जिदका विवाद बढेका छन् । केही वर्षपछि नेपालमा समेत यस्तै दङ्गा नहोला भन्न सकिएला र ?

सुरक्षा व्यवस्थामा गम्भिर खतरा

काठमाडौं । त्रिभुवन विमानस्थलको सुरक्षा व्यवस्थामा गम्भिर त्रुटी भएको छ, तत्काल नसच्याउने हो भने विश्वले नेपालको सुरक्षा व्यवस्थामा संशय गर्नेछ, भर पर्ने छैन । गणतान्त्रिक लोकतन्त्र व्यवस्था राम्रो हो, नेतृत्व असक्षम भयो, राजनीतिको मूल प्रदूषित भएपछि सम्पूर्ण शासन व्यवस्था नै दुषित हुनेरहेछ भन्ने ओम्नी, यति, वाइडबडी जहाज, ललितानिवास जग्गा काण्डमात्र होइन, शरणार्थीका नाममा मान्छे बेच्ने उद्यम चलाएको राजनीतिक अपराधबाट साबित हुन पुगेको छ ।

प्रष्ट छ, राजनीतिमा कांग्रेस, माओवादी र एमालेबीच प्रतिस्पर्धा छ, एकले अर्कोलाई खुइल्याउनकै लागि सिद्धान्त, नीति, निष्ठा, इमानदारिता समेत परित्याग गरेका छन् । कुनै बेला एमाले माओवादी मिलेर कांग्रेस सिध्याउँदै थिए, यतिबेला कांग्रेस र माओवादी मिलेर एमाले सिध्याउँदैछन् । प्रजातन्त्रवादी र जनवादी मिलेर एमालेलाई मटियामेट पार्न खोज्नु प्रतिघोधको राजनीति पन्पिनु हो, यस्तो राजनीतिले नेतालाई लाभ होला, सत्ता हासिल होला, देशका लागि विपत्तिवाहेक केही प्राप्त हुनेवाला छैन ।

बालुवाटारको ललिता निवास जग्गा काण्डपछि भुटानी शरणार्थीलाई अमेरिका पठाइदिने लोभ देखाएर अरबौं ठगी गर्ने

गिरोह राजनीतिमै छन् । एमसीसी मारने हुन्न भन्ने, हुन्छ भनेर पास गर्ने र वीआरआईमा उदासीन रहेर व्यक्तिगत र पार्टीगत शुभलाभ हासिल गर्ने जाली काम गर्ने पनि राजनीति गरिरहेकै छन् । यिनले देशमा कसरी शान्ति र समृद्धि ल्याउलान् ।

यति नै बेला एयरपोर्टबाट २६औं पल्ट इलेक्ट्रिक सिगरेट, सवारी साधनको ब्रेकसुका नाममा सुन तस्करीको ठूलै काण्ड पर्दाफास हुनपुगेको छ । सत्ताधारीले चलाउने हो प्रशासन, सुरक्षा निकाय । हरेकपल्ट प्रशासक र सुरक्षा निकायको मिलिभगतमा १ सय ५५ किलोसम्मको सुन तस्करी भइरहेको रहेछ । ७ थरिको वर्दी र बिना वर्दीका कर्मचारी चौबिसै घण्टा तैनाथ रहने अन्तर्राष्ट्रिय एयरपोर्टमा अर्थ र गृह मिलेरै तस्करी हुनपुगेकोमा शंका गर्न सकिन्न तर कसैले पनि जिम्मेवारी नलिएर साना कर्मचारी फसाएको देखिन्छ । थप अनुसन्धानले पनि सानालाई ऐन, ठूलालाई चैन हुने अवस्था बन्दै गएको बताइन्छ ।

सेटिङ मिलाएर सत्ताधारी निकट मानिने कर्मचारीलाई वर्षौंदेखि एयरपोर्टमा खटाएको देखिन्छ । माओवादी निकट अरूण पोखरेल, प्रचण्डका पूर्व निजी सचिव वरिष्ठ भन्सार अधिकृतमा झकनाथ ढकाल, प्रमुख अध्यागमन अधिकृतमा माओवादी निकट रामबन्धु सुवेदी, सुरक्षा अधिकृतमा नारायणकाजीका चाकरीदार मानिएका डीआइजी अर्जुन चन्द ठकुरी, अर्थमन्त्रीको सिफारिसमा भन्सार महानिर्देशकमा शोभाकान्त ढकाल खटाइएको हो । विमानस्थल प्रमुखमा पर्यटन मन्त्रीले खटाएका प्रतापबाबु तिवारी छन् । यति भएपछि सुन तस्करी जाँचपास भएरै एयरपोर्टबाट बाहिरिएकोमा कस-कसले जिम्मेवारी लिनुपर्छ, स्पष्ट हुँदैन र ?

सुन छाडिने दिन सेटिङ मिलाएरै सुरक्षा प्रमुख र भन्सार अधिकृत बिदामा बसेका थिए । यो कागताली होइन । यति ठूलो सुनकाण्डमात्र होइन, नेपालको सुरक्षा प्रवन्धमै प्रश्न उठ्ने खालको तस्करीबारे विशेष छानविन हुनपर्ने सवाल उठेको छ । यदि एयरपोर्ट सुरक्षित छैन भन्ने कुरा विश्वमा फैलियो भने नेपाल तस्कर, माफियामात्र होइन, आतंककारीको पनि डेरा बन्नपुग्नेछ । सुरक्षा निकायलाई राजनीतिकरणबाट मुक्त नराख्ने हो भने विश्वले प्रशंसा गर्ने नेपाली सुरक्षा निकायको मानमर्दनमात्र हुनेछैन, देशकै इज्जत धुलिसात हुनसक्छ भन्ने विज्ञका धारणा सुनिन थालेको छ ।

सयवर्षे हेनरी किसिन्जर चीनमा किन गए ?

काठमाडौं । नामी कूटनीतिज्ञ, राजनीतिक विचारक, भूराजनीतिका विशेषक र राजनीतिज्ञ जसले अमेरिकालाई मन्त्री, राष्ट्रपति निक्सन, जेराल्ड फोर्डका सुरक्षा सल्लाहकार भएर राष्ट्र सेवागरेका थिए, ती व्यक्तित्वले आफ्नो देशका लागि चीन भ्रमण गरेका छन् ।

देशका लागि बाँच्नुपर्छ भन्ने नेता हुन् हेनरी किसिन्जर । सयवर्षे बुढा हेनरी लामो हवाई यात्रा गरेर चीन गए, उनलाई राष्ट्रपति सीले उच्च सम्मान दिएको देखियो । विश्व विश्लेषकहरू यसकारण हैरान छन् कि हेनरी अमेरिकी ऋणभारका कारण, व्यापारवृद्धिका कारण, ताइवानका कारण पनि चीन गएका होइनन् । त्यसो भए किन गए त ?

चीनका राष्ट्रपति सी चिनफिङ र हेनरी किसिन्जरले बन्द कोठामा लामो बहस, छलफल गरेका छन् । यो बहसले विश्व व्यवस्थामा लाभ हुने निष्कर्ष अनेक विश्लेषकहरूले गरिरहेका छन् ।

सेना कहिले बोल्छ ?

काठमाडौं । भूकम्प गए, बाढी आए, आगलागी भए, पहिरो गए, बाटो खोल्नुपरे, बनाउनुपरे, सशस्त्र विद्रोह भए सेना । अघेरो पऱ्यो कि सेना गुहारीहाल्ने ?

संविधानअनुसार सरकारी आदेश आए सेना परिचालन भइहाल्ने सेनाको भनाई छ ।

यस्तो सेनाको संख्या कटौती गर्नुपर्छ भनेर विवाद किन झिकियो ? कसको कुन प्रकारको अभिष्ठ पूरा गर्न सेनालाई विवादमा तानिएको हो । यसबारेमा संसदमा बहस हनुपर्छ, प्रत्येक पार्टीले आफ्नो अडान स्पष्ट पार्नुपर्छ । सेनाबारे बहस गर्न पाइन्छ, बहस हुनुपर्छ तर ताल न सुरको, बेमौसमको बाजाका रूपमा सार्वजनिक भएको सेनाको विषयको विवाद नेपालको राष्ट्रियता कमजोर पार्ने उद्देश्यले आएको विश्लेषण भइरहेछ ।

सांसद भएर ठेकेदारी गर्न करोडौं बजेट चलाउने, २० अर्बको चियाखाजा खाने, सेवा सुविधाका नाममा अनियमितता गर्ने, नैतिकता देखाउन नसक्नेहरूले सेनालाई कसरी बढीभन्दा बढी राष्ट्रिय हितमा परिचालन गर्ने भन्ने नसोचेर संख्या घटाउने विवाद झिकिरहेका छन् । जनप्रतिनिधि, संघीयता, सेवा, सुविधा घटाए हुन्न ?

नेपालको अन्तिम शक्ति, राष्ट्रसंघले विश्वमै बढी विश्वास गरेको सेनाले मौनता तोड्दै अब मुख खोल्ने बेला भएन र ?

मिटरब्याजको पहाडले थिचिएका नागरिक आन्दोलन
कहिले देख्छ अन्धो, कानो, बहिरो सरकारले ?

विद्युतीय रोपवे किन नचलाउने ?

काठमाडौं । विकास विकास, विकास गर्ने सोच नै छैन । भएका उद्योग बेच्ने, नयाँ उद्योग नखोल्ने, विदेशी लगानी पनि भित्र्याउन नसक्ने, अनि कसरी विकास हुन्छ ? जो नेपालमा उद्योग खोल्न, व्यवसाय बढाउन आउँछन्, उनीहरूलाई प्रशासनिक झमेला दिएर निराश बनाएका अनेक घटना छन् । यिनै भन्छन्- समृद्धि र अग्रगमनका वाहक हामी नै हौं । यिनले देशलाई संकटग्रस्त पार्दै लगेका छन् ।

नेपालले विद्युत बेच्ने हल्ला मच्चाएको छ । नेपालमै लोडसेडिङ छ, विद्युत पुगेकै छैन । १० हजार मेगावाट बंगलादेशलाई बेच्ने प्रचार भइरहेको छ ।

जलस्रोत विज्ञ भन्छन्- नेपालको विकासले गति लिने हो भने नेपाली जलविद्युत बाट चल्ने रोपवे चलाउनु पर्ने हो, बनाउनु पर्ने हो । नेपाल पहाडी मुलुक हो, रोपवे

सबैभन्दा उचित उपाय हो । यसतिर सत्ताधारीको ध्यान गएकै छैन ।

रज्जुमार्ग, रोपवेका बारेमा वरिष्ठ पत्रकार तीर्थ कोइरालाका अनुसार कुन प्रधानमन्त्रीले हो अलि पहिले एउटा सुरूङ शिलान्यासका सन्दर्भमा 'मुलुक सुरूङ युगमा प्रवेश गऱ्यो' भनेर ताली खाएका थिए । पहिले सुरूङ खन्ने र अहिले केबुलकार उद्घाटन गर्ने प्रधानमन्त्रीले कसो मुलुक अँध्यारो सुरूङबाट निकालेर घिर्लिङ युगमा प्रवेश गराएको छु भन्न् भ्याएनछन् । स्मरणीय छ हेटौंडा - काठमाडौं रोप वे मकवानपुरको भीमफेदी देखि काठमाडौं मातातीर्थ पछि टेकुसम्म जोड्ने कुल ४२ किलोमीटरको थियो । प्रधानमन्त्री चन्द्रशमशेरले वि.सं १९८२ मा काठमाडौंमा अनिकाल परेपछि मकवानपुरको भीमफेदी नजिकको धोर्सिङबाट मातातिर्थसम्मको २२ किलोमिटरमा रोप-वे लाइन बनाएका थिए । यही रोप-वेले धोर्सिङबाट काठमाडौंसम्म सामान ढुवानी गरेर काठमाडौंको अनिकाल टारेका थिए । यो रोप-वेलाई जुद्धसम्शेरले टेकुस्थित भन्सार कार्यालयसम्म विस्तार गरेका थिए र त्यसपछि यसको लम्बाई ४२ थियो । यसलाई रज्जुमार्ग रोप वे वा घिर्लिङ भनिन्थ्यो । यसमा सामान मात्र ढुवानी गरिन्थ्यो । यो वि.सं. १९८२ देखि २०५४ सम्म सञ्चालन भएर बन्द भयो । यो नेपालको पहिलो रोप वे थियो । यसको आधुनिकीकरणको काम राजा महेन्द्रका समयमा २०१९-२० तिर अमेरिकी सहयोगमा भएको थियो ।

यसैगरी वीरगञ्जबाट भिमफेदी सम्मको राजमार्ग बनाउने क्रममा पूर्वी नेपालको पहिलो वडाहाकिम क. गजराज सिंह थापाका नाती तथा क. हर्कजंग थापाको छोरा चिफ इञ्जिनियर दिल्लीजंग थापाको नेतृत्वमा वि.सं. १९७४ मा चुरीया टनेल तैयार गरिएको थियो । क. गजराज र क. हर्कजंग अचेलका कमरेड नभएर राणाकालीन सेनाका कर्णेल (क) थिए । ९ फिट चौडा १० फिट अग्लो र ७८५ फिट लामो यो सुरूङको उपयोग २०२७-२८ सालसम्म भएको थियो ।

आज यी रोपवे र सुरूङमार्ग देशलाई आवश्यक छ, तर कवाडी बनेका छन् ।

एमसीसी कार्यान्वयन र सरकार परिवर्तनका कुरा

डा. केशव देवकोटा

आगामी भाद्रबाट नेपालमा अमेरिकी विदास्पद योजना एमसीसीको कार्यान्वयनगर्ने भनिंदैछ । नेपालमा विवादास्पद योजना एमसीसीको कार्यान्वयनकाबारेमा छलफलगर्न अमेरिकाका दक्षिण तथा मध्यएशिया हेर्ने सहायक विदेशमन्त्री डोनाल्ड लुले गत असार २९ गते नेपालको एकदिने भ्रमण गरिसक्नु भएको छभने अब औपचारिक उद्घाटनका लागि एमसीसीका प्रमुख कार्यकारी अधिकृत एलिस पी अलब्राइट सहितको उच्चस्तरीय अमेरिकी अधिकारीहरूको टोली काठमाडौं आउने प्रतीक्षा भैरहेको छ । सहायक विदेशमन्त्री डोनाल्डले नेपाल आइपुगेलगत्तै परराष्ट्रमन्त्रि एनपी साउदका अतिरिक्त मुख्यरूपले नेकांका सभापति शेरबहादुर देउवा, एमालेका अध्यक्ष केपी ओली र माओवादी केन्द्रका अध्यक्ष तथा प्रधानमन्त्रि पुष्पकमल दाहाललाई भेटेर नेपालको संसदबाट एमसीसी पारित भएको घोषणा गरिदिएकोमा सुभेच्छा व्यक्त गर्नुभएको थियो । डोनाल्डको पछिल्लो भ्रमणमा एमालेले खुलेरै एमसीसीको कार्यान्वयनमा जोड दियो भने नेपाली कांग्रेसले आफ्नो पार्टीको केन्द्रित समितिको बैठक बोलाएर एसपीपीकाबारेमा छलफल गरायो ।

डोनाल्डका तीन पटक भएका नेपाल भ्रमणहरू नेपालमा लागूगराउने प्रयास भैरहेको एमसीसीमै केन्द्रित रहेका थिए । नेपालले सन् २०१७ मै एमसीसी कम्प्याक्टको एमओयूमा हस्ताक्षर गरेको थियो । त्यसको चारवर्षपछि सन् २०२१ मा नेपालको संसदले सो योजना पारित गरेको नाटकीय घोषणा गर्नसकेको थियो । त्यसको पनि १८ महिनापछिमात्र आगामी भाद्रको दोश्रोसातावाट कार्यान्वयनमा लाने प्रयास भैरहेको छ । जसका लागि मन्त्रिपरिषदको गत असार १९ गतेको बैठकले एमसिए-नेपालले निर्माणगर्ने विद्युत प्रसारण लाइन तथा सब-स्टेशनका लागि सिन्धुपाल्चोक, पाल्पा तथा नवलपरासी (बर्दघाट सुस्ता पूर्व) जिल्लाका जग्गा प्राप्तिगर्न स्वीकृति दिइसकेको छ । अब नेपाल र अमेरिकाबीच एमसीसी कार्यान्वयन थालनी सम्झौतामा हस्ताक्षरगर्ने तयारी छ । उक्त हस्ताक्षर संगै एमसीसी कार्यान्वयनको पांचवर्ष अवधि शुरूहुने भनिएको छ । हालसम्म पनि जनस्तरबाट एमसीसीको विरोध भैरहेको छ । एमसीसीका लागि विभिन्न १० वटा जिल्लामा गरिनुपर्ने पूर्वाधारहरू तयार हुनसकेका छैनन् । एमसीसी सम्झौताअनुसार अमेरिकाले नेपाललाई ५० करोड अमेरिकी डलर अर्थात करिब ६० अर्ब नेपाली रूपैयाँ अनुदान दिने भनिएकोमा हाल आएर त्यसलाई लगानी भन्न थालिएको छ । त्यो पनि हालसम्म प्राप्त भएको छैन ।

नेपालले सो परियोजनाको लागि आफ्नोतर्फबाट १३ करोड डलर अर्थात करिब १७ अर्ब लगानी गर्नपर्ने समझदारी भएकोमा सम्पूर्ण रकम खर्च गरिसकेको छ । त्यसले पनि नपुगेर करिब दुईअर्ब रूपैयाँ थप खर्च भइसकेको अवस्था छ । डिटेल डिजाइन, सम्भाव्यता अध्ययन, वातावरणीय प्रभाव मूल्यांकन (इआईए), कर्मचारीको तलब, कार्यालय व्यवस्थापन, उपकरण र सवारी साधन खरिदजस्ता क्षेत्रमा एमसीए नेपालले खर्चगर्दै आएको छ । अझै आगामी भदौसम्म नेपाल एक्लैले थप रकम खर्च गर्नुपर्ने अवस्था छ । हाल नेपालको ऋण झण्डै २२ खर्ब नाघेको छ । त्यसैले नेपाल एमसीसीमा थप खर्चगर्दै जानसक्ने अवस्थामा छैन । एमसीसी परियोजनाबाट ४०० केभी क्षमताको ३१५ किलोमिटर लामो प्रसारण लाइन र तीनवटा सबस्टेशन निर्माण हुने भनिएको छ । जसमा ८५४ टावर निर्माण हुनेछन् । मकवानपुरको हेटौंडादेखि काठमाडौंको लप्सीफेदीहुँदै बुटवलसम्म सो प्रसारण लाइनले छुने भनिएको छ । बुटवलबाट भारतको गोरखपुरसम्म नेपाल र भारतको संयुक्त लगानीमा निर्माण हुने भनिएको अन्तरदेशीय प्रसारण लाइनमा एमसीसीअन्तर्गत प्रस्तावित प्रसारण लाइन जोडिने भएको छ । त्यसैगरी एमसीसीअन्तर्गत पूर्व-पश्चिम राजमार्गको दाड खण्डमा अत्याधुनिक प्रविधिको ७७ किमि सडक निर्माण गरिने भनिएको छ । एमसीसी परियोजनाले जोड्ने १० जिल्लामा अझैपनि जग्गा अधिग्रहणको कार्यमने सम्पन्न हुनसकेको छैन । १० वटै जिल्लामा जग्गा अधिग्रहरण सम्बन्धी विवादहरू रहेका छन् । त्यसैले नेपालमा एमसीसी अनुकूलको शक्तिशाली सरकार गठन गराउने प्रयास थालिएका छन् । नेपालको संसदबाट एमसीसी पारित गराउन नाटकीय भूमिका खेल्न सकेकाले अमेरिकाकै विशेष पहलमा एमालेका अध्यक्ष केपी ओलीलाई कम्बोडिया र माओवादी केन्द्रका अध्यक्ष तथा प्रधानमन्त्रि दाहाललाई राष्ट्रसंघीय सम्मेलनमा भाग लिनेभन्दै इटाली भ्रमणको प्रबन्ध गरिएको छ । ओलीले सन् १९८५ पछि कम्बोडियाका प्रधानमन्त्रीको रूपमा हालसम्म रहेका हुनसेनसँग भेटेर लामो समयसम्म कसरी सत्तामा टिक्नेभन्ने 'हुन सेन पथ'काबारेमा जानकारी लिनुभएको छ ।

त्यसैगरी प्रम दाहालले पनि इटालीको राजधानी रोममा राष्ट्रसंघीय सम्मेलनमा उपस्थित अमेरिका निकटका विभिन्न मुलुकका नेताहरूसँग छलफल गर्दै हुनुहुन्छ । उहाँ भोली १० गते बुधबारसम्म हुने संयुक्त राष्ट्रसंघीय खाद्य प्रणाली शिखर सम्मेलनमा भाग लिएर नेपाल फर्कने कार्यक्रम छ । जहाँ यसअघि कृषि तथा पशुपन्छी विकासमन्त्री डा. वेदुराम भुषाल नेतृत्वको प्रतिनिधिमण्डलले भागलिने कुरा थियो । अमेरिकी सहायकमन्त्रि डोनाल्डको नेपाल भ्रमणपछि प्रधानमन्त्रि दाहालले नेतृत्व गर्नेगरी कार्यक्रममा हेरफेर गरिएको हो ।

नेपालका प्रधानमन्त्रि दाहालले यसअघि गत जेठ १७-२० मा गर्नुभएको भारत भ्रमणकाक्रममा नेपालको जलश्रोतमा आधारित धेरै योजनाहरूमा भारतसँग सहमति गरेको भनिएपनि हालैका दिनमा आएर भारतले खटपटगर्न थालेको देखिएको छ । त्यसैले अमेरिकी सहायक मन्त्रि डोनाल्डले बंगलादेश र भारतको भ्रमण गरेर नेपाल आउनु परेको थियो । तर पनि नेपालमा उत्पादित बिजुली सहजै भारत र बंगलादेशसम्म जाने संभावना छैन । नेपालले एमसीसीको कार्यान्वयनका लागि छिमेकी भारतबाट लिनुपर्ने भनिएको सहमति पनि हालसम्म लिनसकेको छैन । अर्को छिमेकी मुलुक चीनले एमसीसी परियोजनाकाबारेमा आपत्ति जनाएको जनाएकै छ । अमेरिकी सहायकमन्त्रि डोनाल्ड स्वदेश फर्केपछि नेपालमा चिनियाँ कम्युनिष्ट पार्टीका उच्चस्तरीय नेताहरूको एकपछि अर्को नेपाल भ्रमण जारी छ । चिनियाँ विदेश विभाग प्रमुख लिउ जियनचाउले काठमाडौंमा 'सिल्क रोडष्टर' स्थापना गरेको हप्ता दिन नबित्दै चिनियाँ कम्युनिष्ट पार्टी (सीपीसी) का पोलिटब्युरो सदस्य युआन च्या च्युन गत आइतबार काठमाडौं आइपुग्नु भएको छ । उहाँले आज मंगलबारसम्म काठमाडौंमा रहँदा नेकांका सभापति शेरबहादुर देउवा र विभिन्न कम्युनिष्ट पार्टीका नेताहरूलाई भेट्दै हुनुहुन्छ । यद्यपि माओवादी केन्द्रका अध्यक्ष तथा प्रधानमन्त्री दाहालसँग उहाँको भेट नहुने भएको छ । युयान च्या च्युनको भ्रमणको चाँजोपाँजो मिलाउन चीनको नेपाल मामला प्रमुख गत ५ गते शनिवार नेपाल आइपुग्नु भएको थियो । हालसम्म आगामी सेप्टेम्बरमा हुने अपेक्षा गरिएको प्रधानमन्त्री दाहालको चीन भ्रमणको भने कुनै टुंगो लागेको छैन ।

यसरी नेपालमा एमसीसीको आवरणमा अमेरिकी हस्तक्षेप हुनलागेको अवस्थामा चीन, भारत र अमेरिकाको विदेशीय खिचातानी तीब्रभएको छ । खासमा यसअघि सन् १६०० को डिसेम्बर एकमा व्यापारको बहाना बनाएर ब्रिटिशहरू भारतमा छिरेजस्तैगरी अमेरिका एमसीसीको बहानामा नेपाल छिर्नलागेको चर्चा गरिदै छ । पछि ईष्ट इन्डिया कम्पनीले भारतको सरकारनै कब्जा गरेको थियो । जसलाई ईष्ट इन्डिया कम्पनीको सरकार भनिन्थ्यो । अंग्रेजहरूले भारत कब्जा गर्नासाथ त्यहाँका बंगाली, उर्दू, मगही, मराठी, पञ्जाबी, तेलेगुलगायत सबै भाषामार्थि प्रतिबन्ध लगाएका थिए । अंग्रेजी भाषालाई सम्पर्क तथा सरकारी कामकाजको भाषा बनाइएको थियो । भारतका अंग्रेजको शासन सन् १९४७ सम्म रहयो । नेपालमा पनि पछिल्ला दिनमा त्यस्तै घटनाहरू भैरहेका छन् । नेपाल सरकारका प्रायः महत्वपूर्ण अंगहरूमा सल्लाहकार र सहयोगीका रूपमा अमेरिकी संस्थाहरूलाई घुसाउँदै र स्थापित गराउँदै लगिएको छ । यहाँ शुरूमा इन्डो पश्चिमा शक्तिको सरकार बनाइए पनि पछिल्ला दिनमा भारत समर्थितहरूले अलग्गै मोर्चाबन्दी गरेका छन् । अमेरिकी सहायक विदेशमन्त्रि डोनाल्डको पछिल्लो भ्रमणपछि हाल वर्तमान सरकारमै रहेका भारतीय समर्थकहरूले सरकार परिवर्तन गर्ने/गराउने षडयन्त्र भएको प्रचार थालेका छन् । संभवत आगामी भदौको दोश्रो सातासम्ममा नेपालमा सरकार परिवर्तन भई नेकांको नेतृत्वमा एमाले सहितको सरकार गठन हुने संभावना रहेको छ । संसदबाट एमसीसी पारित भएको नाटकीय घोषणा गराउन माओवादी अध्यक्ष प्रचण्डको प्रमुख भूमिकाले कुनै न कुनै रूपमा माओवादी पनि सरकारमा रहिरहने संभावना छ ।

यसअघि नै राष्ट्रिय सहमतिका नाममा माओवादी केन्द्रका अध्यक्षको नेतृत्वमा नेकां र एमाले सहितको सरकार बनाउने प्रयास गरिएको थियो । तर राष्ट्रपति प्रकरणले गर्दा एमाले सरकारबाट हट्नु पऱ्यो । एमाले सरकारबाट हटेपनि नेकां र माओवादी केन्दको गठवन्धनमा रहेको छ । फेरी पनि एमाले सरकारमा प्रवेश गरेमा आश्चर्य नहोला । यो सबै पश्चिमा कर ामत हो । एमाले सरकारमा प्रवेश गर्ने भएकैले समाजवादीका माधव नेपालमा छटपटी देखिन थालेको हो । यही बुझेर उहाँले आफ्नो पार्टीसमेत संलग्न रहेको वर्तमान सरकार ढल्नलागेको प्रचार थाल्नुभएको छ । एमसीसी अनुकूलको सरकार बनेको खण्डमा अन्तराष्ट्रिय द्वन्द प्रकटरूपमा देखिने छ भने त्यस्तो सरकार बन्न नसकेको खण्डमा नेपालवाट उक्त परियोजनाको भविष्य के होला ? विचारणीय छ ।

'कपडा सेतो – कर्म कालो'

सेतो कपडा अर्थात कुनै पनि दाग नभएको । कुनै पनि दोष नभएको । सम्मानित अनि शान्ति र सभ्यताको सूचक । हरेक दृष्टिकोणले सेतो कपडालाई निकै नै राम्रो मानिन्छ । शान्तिको प्रतिक पनि हो सेतो कपडा । त्यसैले होला स्वास्थ्य सेवामा काम गर्ने नर्स र डाक्टरहरूले सेतो गाउन लगाउने प्रचलन छ ।

पछिल्लो समय नेपालमा पनि सरकारी कर्मचारीहरूको लागि सेतो कपडा अनिवार्य गरियो । किन सेतो कपडा अनिवार्य गरियो ? सबैले आआफ्नो तर्क देलान तर मेरो तर्क भने फरक छ । सरकारी कर्मचारी जनताको सेवामा खटिएकाले निष्कलंक हुन्छ । नकारात्मक सोचवाट टाढा हुन्छ । अनि सँधै राज्यको हितका लागि काम गर्छ अर्थात कुनै पनि दोष वा दाग कर्मचारीमा नहोस् भन्नका लागि सेतो सर्ट लगाउने व्यवस्था गएको हुनुपर्छ भन्ने मेरो ठहर छ ।

कोही कोही सोध्वान त्यसो भए डाक्टर नर्सले चाहिँ किन लगाए ? त्यो पनि ठिकै हो । डाक्टर नर्स भनेको विरामीको सेवामा खटिने । एक हिसावले भन्ने हो भने उनीहरूको पढाई त भगवान् बनाउने नै हो । मृत्युको मुखका पुगेका विरामीलाई पनि राम्रो हेरचाह अनि उपचार निको बनाउने । यस्तो मान्छेहरूसँग कुनै पनि छलकपट वा दोष नहुने भएकाले सेतो कपडा लगाउने चलन चल्दै आयो ।

अहिले ठिक उल्टो भो । सेतो सर्ट लगाउने कर्मचारीको मति अहिले निकै नै खति भो । उीहरू जत्तिको असामाजिक अरू कोही भएनन् ।त्यसैले होला मतिभ्रष्ट भो । हरेक काम र कुरामा नोट मात्र भो । अब नोट र भोटको सँमिश्रण भएपछि त्यसको गति कस्तो भो ? अनुमान लगाउनै गाह्रो भो । भन्ने मिल्ने हो कि नमिल्ने हो, लेख्न हुने हो कि नहुने हो । जुस र घुस नभै नहुने । जुसपान र घुसपान नगर्ने समाजमा टिक्कै गाह्रो ।

सत्य कुरा त कलियुगमा गर्दै नगर्नु भन्ने शास्त्रैमा छ क्यार । झुठले प्रश्रय पाउँछ न्याय हराउँछ भन्या छ । त्यो वाल्मिकीमा संस्कृत र शास्त्र पढ्नेहरूले खुट्याउँलान् । सके खुट्याउँलान नसके आफ्नै घर स्वासीलाई भुत्ल्याउन् । किनकी संस्कृतको श्लोक भन्दै व्याख्या गर्नेहरू नै नकचरा हुन थाल्या छन् । काम र कुरो नै मिल्दैन । दिनभरी बाहुन, रातभरी डाउन भन्ये एक वीस पहिले ! अहिले त्यस्तै स्थिति छ ।

त्यही भएर जुसपान र घुसपान नगर्ने सेता कपडा लगाएका राष्ट्रसेवक पाउनै मुश्किल ! सेता सेता कपडामा दश पाँच सजिएका कालाकाला मान्छेहरूको मनभित्रै कालो धब्बा देखिन्छ । अनुहार हेर्दै घुस्यां घुस्यां देखिन्छ । सेतो कपडा भित्र घुसैघुसको कालो दाग । बागमती र विष्णुमतीको पानी वरू सड्लो होला । सेतो कपडा लगाएकाहरूको भित्री दाग पखाल्न निकै गाह्रो । कसले पखाल्ने ?

जसरी कर्मचारीको मति भ्रष्ट भो अहिले तिनै सेतो लुगा लगाउने डाक्टरहरूको पनि मतिभ्रष्ट हुन थाल्या छ । टोलै पिच्छे अस्पताल । अस्पताल चलाउने उही जुसपान र घुसपान गर्ने नै वढी । जसले जे गर्नु हुन्न भन्यो त्यही व्यापार चल्छ नेपालमा । हरेक विहान सेता कपडा लगाएर मान्छे बचाउन अस्पताल पुगेका रातो पिरो मान्छे अस्पताल पुगेपछि विचरा भएका विरामीको परिवारलाई डस्न थाल्छ । खासै समस्या छैन भन्छ तर एक बोरा दवाई दिन्छ । यसको काम नै दवाई दिने हो । उपचार गर्ने होइन ।

अलि अलि विरामी छ भने त त्यसलाई सुईले घोचेर के के निकाल्छ निकाल्छ । सेतो दाग नभएको डाक्टरलाई हिजो भगवान् भन्ये अहिले त के के भन्छन् भन्छन् । वर्दीवाला चोर जस्तै । त्यही भएर होला सेतो कपडाको अहिले निकै नै बदनाम पो हुन थाल्या छ । सरकारी अड्डामा नोट चोर, अस्पतालमा पुगेसी औषधी चोर । यी दुवैको हुन्छ ठूलो स्वर । बोलौ सुईक्याईदेला भन्ने डर । नबोलुँत घरबास नै उडाईदिने डर । केही नभए एक बोरा दवाई । केही भए अस्पतालको बसाई । अलि धेरै भए आईसियु र सिसियु त्यो भन्दा वढी भए भेण्टिलेटर । मान्छे भेंटिलेटर, त्यही भेण्टिलेटरमा राखेकै कारण बैकले काट्छ घरबारी लिलामको लेटर । थुईक्क नेपालीको जिन्दगी ! यसो गर्दा पनि सुख छैन उसो गर्दा पनि सुख छैन ।

त्यही भएर बुढापाकाले भन्ये नि । अस्पताल, अदालत दुष्मन पनि जानु नपरोस् ! बुढा बाउहरूले त्यसै कहाँ भन्या रैछन । भोगेरै पो भन्या रैछन् त ? अस्पताल जानु भनेको पहिले उपचार गर्ने र तन्दुरूस्त भएर फर्केने । तर अहिले पटक पटक गईरहनु पर्ने रोगलाई दवाई खाएर दवाईरहनु पर्ने, निको भनेको आर्यघाट नै पुऱ्याईदिने । सकेसम्क मान्छे नै नरहने भएपनि पछि त्यसका सम्पत्ति किन राख्नु भनेर जायजेथा नै सकाई दिने । यस्ता दाग रहित सेता कपडा लगाएका मान्छेहरूसँग बच्न नै मुश्किल । यमराजजस्तो व्यवहार छ ।

एकधरी सेता कपडा लगाएका मान्छेसँग दैनिक भेटुनु पर्ने ! जन्मेदेखि नमरेसम्म । यो पनि त्यसैकाँ त्यो पनि त्यसैकाँ । जुस पनि उसैलाई घुस पनि उसैलाई । देशलाई बुझाउनु पर्ने कर, सँधै डरै डर । देशाँ ढुकुटीमा जाने भन्दा उसैको ढुकुटीमा पनि पुऱ्याउनु पर्ने ! सकेसम्म घरांमा नभएर ठर्रामा । सेवा सुविधा सबै उसैलाई जनता भने ठण्डाराम ।

बैकुण्ठ भण्डारी

अर्को थरी सेता लगाउने मान्छे भेट्नै मुश्किल हात समायो, लामो सास फेर्न लगायो । ज्योतिपीले चिना रहेर कालो बोको चढाउ भने जस्तै । शिरदेखि पैदालासम्मै जाँच्नु पर्ने । पैसा होस् की नहोस् । जसरी पनि तिर्ने पर्ने । अलिकति पनि घटवढ त हुँदैहुँदैन । सेता लुगा लगाएर काला कर्म गर्छन् भन्ने कसलाई हुँदैन डर । तर यिनीहरूकै भएन भर । महंगा औषधी देख्ने नहुने । चाहे भन्दा वढी मगाउने अनि त्यसैले कमिशन पढ्काउने । सेता लुगा लगाउनेको कमिशन पनि चित्र विचित्र कै । कालो झोला वोकेर सेता कपडा लगाउनेलाई भेट्न अस्पताल पुग्नेहरूले सबै थोक व्यवस्था गरिदिनु पर्ने । 'एनिभर्सरी' को केक देखि ह्यापी वर्थडेको मेससम्म ! अवको कसको विश्वास गर्नु । विश्वास हरायो देशमा ।

त्यही एउटा सेता कपडाको थियो भर अब त त्यसैवाट हुन थाल्यो डर । त्यही भएर नि होला हिन्दू धर्मले सेतो कपडा लगाउन मनाही गरेको रैछ । सेतो कपडा जसरी सभ्य, दाग रहित र शान्तिको प्रतिक थियो । त्यही कायम रहन सक्नु पर्दछ । सेतो कपडा जुस, घुस र दूत जस्तो नहोस् ! सेतो कपडा भित्र कालो कर्म, कुकर्म नहोस् । बागमती जस्तै सेतो कपडा भित्रको दुष्कर्म सड्लो होस् । आफ्नो होस् विरानो नहोस् !

घर घरजस्तो छैन – कवितासङ्ग्रह

-अरूणबहादुर खत्री "नदी"-

नेपाली साहित्यमा कविता विधामा कलम चलाउँदै आएका साहित्यकार माणिकरत्न शाक्यको घर : घर जस्तो छैन नामक कवितासङ्ग्रह २०७९ सालमा प्रकाशित भएको छ । यो कवितासङ्ग्रहमा २६ वटा मक्तक, केही छोटा कविता, केही लामा कविता र गीतहरू सङ्गृहीत छन् । यी सङ्गृहीत कवितहरूमध्येको एक कविता हो घर : घर जस्तो छैन यही कविता नै यस कवितासङ्ग्रहको कभर पृष्ठमा प्रमुख पात्र बन्न पुगेको देखिन्छ । घर : घर जस्तो छैन शीर्षकको कवितामित्र घरको जेठो छोरो म अहिले केवल एक्लो भएको छु मेरो कुरा यहाँ कसैले सुन्दैन कवि शाक्यले लेखेका छन् ।

मेरा आफन्तहरू
मानवतावाट उछिट्टिएर
धनमा अनुवाद भैसकेका छन्



यो कवितासङ्ग्रह भित्रको पहिलो मुक्तकमा तिम्रो कार्य सदा पूर्ण होस्, म अपूर्ण नै भइरहुँला मन छोडी तिमीले धन रोज्यौ परिणाम म हेरिरहुँला भनेर कविले लेखेका छन् । कवि शाक्यलाई साहित्य मन पर्छ साहित्यिक रचना लेखेर यसमै डुब्न उनी मन पराउँछन् । हास्यव्यङ्ग्यमा उनको परिचय बनेपछि र हास्यव्यङ्ग्यकै कृतिहरू प्रकाशित भएपछि उनका अन्य रचनाहरू सबै छायाँमा परेका हुन् । यस सङ्ग्रहभित्रका रचनाहरू अनेक पत्रपत्रिकामा प्रकाशित छन् ।

ज्यानमा एउटा पापी पेट छ
बाँच्नलाई जागिरको भेट छ

शाक्यले लेखेका कवितामा जीवनको ध्वनि छ । त्यस ध्वनिले आफ्नो माटो, संस्कार, सभ्यता र पसिनालाई वढी स्पर्श गरेको बोध हुन्छ कविता पढ्दै जाँदा । उनले लेखेका कविताहरू मार्मिक, सुन्दर र प्रभावशाली छन् । शैलीमा निजत्व प्रवाहित रहेको पाइन्छ भने चिन्तन पक्ष विशेष देखिन्छ । कवितातरू प्रतिकात्मक छन् । प्राकृतिक र सांस्कृतिक विम्वहरूले रोचक बनाएको छ । कवितातरू पढ्दा चित्ताकर्षक लाग्छन् ।

झोली थप्नु पऱ्यो भने मन पनि रून्छ
नमानेर पनि के गर्नु र मेरै पेट काट्छ

कवि शाक्यले सिर्जना गरेका कवितातरू यस कृतिभित्र बेजोडले कुदिरहेको देख्न पाइन्छ । कविको मन अत्यन्त कोमल हुन्छ, संवेदनशील हुन्छ त्यसैले ऊ सूक्ष्मभन्दा सूक्ष्म कुराहरूलाई नजिकबाट नियाल्न सक्छ । त्यसैले उसले कविता लेख्न सक्छ । कवि शाक्यले इमान्दारीपूर्वक निर्भीकताका साथ आफ्नो सभ्यता र संस्कृतिका साथै यावत् जीवनको जटिलतम गूढ रहस्यलाई प्रकृति, कला, विचारको माध्यमवाट सशक्त रूपमा अभिव्यक्ति दिएका छन् । उनले लेखेका कवितातरू स्तरीय र तिख्खर बन्दै गरेका छन् । उनले लेखेको गीतभित्र जुनेली रातमा उनको याद आयो तिम्रो सम्झनाले मेरो मुटु खायो भनिएको छ ।

वेदनाले थिलथिलो भएको छाती
शिथिल जीवनको शून्य रातसँगै
आँसुको मूल्यलाई लतादैंछु
आकांक्षाहरू हावाझैं फ्याकिएर

कवि शाक्यको हृदय भावुक छ । शाक्यको यो सरल तर गहन कवितासङ्ग्रहभित्रका कवितामा व्यक्ति विसङ्गत परिवेश, सामाजिक विकृति, समयका अनेक अनुकूल-प्रतिकूलको यथार्थता पाउन सकिन्छ । अभाव शीर्षकको कवितामा समय एकनासले कहिले पनि बहदैन कहिले उतार चढाव छ कहिले मनमा दनदन्ती आगो बलेको छ भनिएको छ । कवि शाक्यका कवितातरू भावनात्मक मात्र छैनन्, जीवन र जगत्को वास्तविक छवि चित्राङ्नमा जति सक्षम छन् त्यति नै प्रयोगका दृष्टिले पनि बेजोड र सशक्त छन् । शाक्य काव्यिक जगत्मा उदयीमान सर्जक हुन् । उनका समकालीन केही कवितातरू समय सान्दर्भिक र वलवान् देखिन्छन् । साँच्चै भन्ने हो भने शाक्यद्वारा लेखिएका कवितातरूको भाषा सरल छ । सरल शब्दमा उनिएका कवितातरू पढ्नमा जति सजिलो हुन्छ त्यसैगरी बुझ्न समेत कठिनाइ पर्दैन भन्ने भनाई पाठक वर्गको देखिन भाउँछ । अन्त्यमा उनका अन्य राम्रा राम्रा कविता सङ्ग्रह थपिदै जाओस् । धन्यवाद छ- प्रकाशकः भुँडीपुराण प्रकाशनलाई ।

मुक्तकका प्रयासहरू : नखानेलाई औंला चटाएर के गर्नु ?

भरीको जस्तो अस्तित्व खालीको कहाँ हुन्छ र ?
सज्जनको झैं गुणगान जालीको कहाँ हुन्छ र ?
सायद सौजन्य चिनेर गरिन्छ वस्तुको मूल्यबोध पनि
सौन्दर्यमा फूलको झैं महत्त्व मालीको कहाँ हुन्छ र ?

- दुर्गाकिरण तिवारी

मनमा सुन्दर गाउँ बसाउँदै जाउँ
भट्किएकोलाई बाटो देखाउँदै जाउँ
दुखले भरेको जीवनलाई बोझ नठानी,
बचेको जीवन हास्दै हसाँउदै जाउँ ।

- नीता गुरूंग भाटिया, असम

कसैलाई लाग्दोरहेछ सबैभन्दा ठूलो धन हो,
कसैलाई लाग्दोरहेछ ठूलो त यो सुन्दर तन हो,
तर यो धन र सुन्दरता समयमा आउँछ, जान्छ,
मेरा लागि सबैभन्दा ठूलो मनुष्यको जीवन हो ।

- बिमल खतिवडा माइला

साहित्य छ अनि त कलमले पनि बोलिदिन्छ हजुर
मनका वेदनाभित्र लुकेका पोल खोलिदिन्छ हजुर
साँच्चै अचम्मको हुनेरहेछ साहित्यको दुनियाँ पनि
शब्द शब्दलाई बटुल्छ भावनामा घोलिदिन्छ हजुर

- सरस्वती तिवारी

आँखाको परेली रूझ्ने दिन नआओस्
आमा बुबालाई नबुझ्ने दिन नआओस्
जीवनका हरेक बाटाहरू कठिन त छ नै
तसर्थ परिस्थिति नसुझ्ने दिन नआओस् ।

- रिता खराल.

सोच्दैनौं आफ्नु तिमीलाई सम्झेर रोएँ
बोलेनन् तिम्रा बात नगर्ने तस्विर छोएर रोएँ
गयौ टाढा फर्केर नहेरी नचिनेको झैं गरी
मेटिएन माया कसैगरी आँसुले धोएर रोएँ ।

- तारा आचार्य

दायाँ हेर्छु बायाँ हेर्छु अक्क न बक्क पर्छु
कोही कोही मानवहरू देखेर म छक्क पर्छु
यही धूपताप, सुशीतल जल अनि इन्द्रेनी छ
भन्दै यस्तै रहेछ जिन्दगी भनेर म मख्ख पर्छु

- लक्ष्मी मुडवरी पण्डित

नबोल्ने त बोल्दैन पटाएर के गर्नु
खाने आशामा दिन कटाएर के गर्नु
स्वाद पाउन त पक्कै चाख्नु पर्छ
नखानेलाई औंला चटाएर के गर्नु ।

—वेददीप

कतै रमाइलो छ जिन्दगी कतै अर्थहीन छ
संघर्ष धेरै गर्दागर्दै पनि ठेगाना विहीन छ
चल्न त चलिरहेको हुन्छु सधैं आफ्नै धूनमा
बाहिर फिक्का हाँसो भित्र दुःखको रिनैरिन छ ।

- विकास कठेत समर्पण

दुखमा लोग्ने गयो, विदेश व्यवहार चलाउनलाई
शुरू गरि श्रीमतीले आफ्नै घरबार जलाउनलाई
जहिले यता उता, जता मन लाग्छ उता हिँड्यो
केही वैरै लागेन सुन्दर त्यो दरबार ढलाउनलाई ।

- जे.बी. खत्री

हरेनन् राम रहेनन् हरी थाह पाँउदा पाँउदै
एकदिन जानै पर्छ मरी थाह पाँउदा पाँउदै
तर पनि ईर्ष्या, डाह किन गर्छन् मान्छेहरू,
जिन्दगी छैन अजम्वरी थाह पाँउदा पाँउदै ।

- डिल्लीराज केसी

पावर हुनेले छड्के चाल चलाउँछन्
पैसामा पद फालाफाल फलाउँछन्
राजनीति भन्नू कि फोहोरी खेल हो यो ?
ईमान जति त्यही खेलमा जलाउँछन् ।

- बिनिता आचार्य

*केही मुक्तकहरू संकलन गरेर पठाइदिन् भएकोमा **मुक्तकिला मित्रहरू** लाई हार्दिक धन्यवाद ।*

सिद्धिश्वरमान केन्द्रको सम्मान

साउन ६ गते, सिद्धिश्वरमान अक्षलोक साहित्यिक केन्द्रले नेपालभाषाका चारजना अग्रणी महिला साहित्यकारहरू, चारजना नेपालभाषाका साहित्यकारहरूलाई सम्मानित गरेको छ । मूथां (आधार स्तम्भ) सम्मानवाट स्व. मोतिलक्ष्मी उपासिका, नेपालभाषाको मांथां वाट सम्मानीत हुनेमा सत्यभामा माथेमा, प्रकाश प्रधानांग, नारायणदेवी श्रेष्ठ र सुवर्ण चित्रकार हुनुहुन्छ भने नेपालभाषा साहित्यका तिकिभ्याः (आँखिभ्याल) सम्मान पाउनेमा भूषण प्रसाद श्रेष्ठ, सुलोचना मानन्धर, प्रतिसरा सायमी र शशिकला मानन्धर हुनुहुन्छ ।

सिद्धिश्वरमान सूर्य तुलसी आजिवन साधना पुरस्कारवाट शान्त दास मानन्धर, उत्कृष्ट प्राध्यापक उत्प्रेरणा पुरस्कारवाट प्रा.डा. शिवराज अँधिकारी, चन्द्रविष्णु अन्तर्राष्ट्रिय सामाजिक योगदान पुरस्कारवाट सरला श्रेष्ठ र विष्णु कुमार अग्रवाल उत्कृष्ट साना उर्धमि पुरस्कारवाट शैलजा कसजु पनि पुरस्कृत हुनुभयो । सिद्धिश्वरमान उत्कृष्ट साहित्य साधक सम्मान भद्र कुमारी घलेलाई, साहित्यिक उत्प्रेरणा सम्मान उषा शेरचनलाई, उत्कृष्ट नियात्रा साधक सम्मान घनश्याम राजकर्णिकारलाई, उत्कृष्ट स्वास्थ्य तथा समाजसेवा सम्मान प्रा. डा. निराकार मान श्रेष्ठलाई, उत्कृष्ट युगल शिक्षा साधक सम्मान डा. अम्बु भवानी काकी र रामाराम सैंजुलाई, उत्कृष्ट रचना साधक सम्मान स्व. पुष्कर लाल श्रेष्ठलाई, उत्कृष्ट भाषा तथा शिक्षा सम्मान प्रा. डा. सुन्दर कृष्ण जोशीलाई, उत्कृष्ट सञ्चार साधक सम्मान कुमार रञ्जितलाई, उत्कृष्ट भाषा तथा संस्कृति संरक्षण सम्मान अनिल महर्जनलाई र उत्प्रेरणामूलक साहित्यिक संस्था सम्मान साहित्य सन्ध्या र गुञ्जनलाई प्रदान गरिएको छ ।

सम्पादक/प्रकाशक राजन कार्की
Editor/Publisher Rajan Karki

सह-सम्पादक : शाश्वत शर्मा
अनलाइन प्रविधि : रोशन कार्की
कानुनी सल्लाहकार : शिवप्रसाद सिग्देल
मुख्य व्यवस्थापक : कृष्णकुमार कार्की
व्यवस्थापक : दिलकुमार कार्की
मुद्रण : तारा प्रिन्टर्स, कलंकी

गोरखा एक्सप्रेस साप्ताहिक
कामपा १४, कलंकी, काठमाडौं
मो. : ९८५१०२७०८९ फोन : ४३१२०८४
E-mail : rajan2012karki@yahoo.com
nepaltod@gmail.com
Online : www//nepaltoday.com.np

सम्पादकीय

सुन तस्करीको सनसनी

सुनकाण्डले ललिता निवास जग्गा काण्ड सेलाएको छ । हुनसक्छ प्रहरीको सम्पूर्ण ध्यान १ सय ५५ किलो सुनकाण्डतिर अनुसन्धानतिर परेकोले ललिता निवास जग्गा प्रकरण विषयान्तर हुन थालेको हो कि ?

सुनकाण्ड कसरी सम्भव भयो ? यसमा कुन कुन व्यापारी र नेताको संलग्नता छ, त्योभन्दा पनि कुन कुन कर्मचारीको मिलिभगतबाट यो सम्भव भयो ? भन्ने तर्कवितर्क पनि चलेका छन् । योभन्दा पनि ठूलो प्रश्न एयरपोर्टमा खटिएका सुरक्षाकर्मी, सुराकीदेखि अनेक प्रकारका निकायहरूले कसरी आँखा चिम्लिनसके, व्यापारीको सेटिङमा तिनले साथ दिए भन्ने हो । यसकारण पनि सुनकाण्डको नालीबेली सार्वजनिक हुनजरूरी छ । सुनकाण्डको इतिवृतान्त सार्वजनिक हुने हो भने राजनीति, प्रशासन, सुरक्षा, व्यापारी सबैको मुखुण्डो उत्रिनेछ । देशमा आर्थिक संकट चलिरहेको छ, व्यापार व्यवसाय ठप्प छन्, तर सुनकाण्ड भने २६ पटकसम्म निरन्तर चलिरहेको रहेछ । सवारी साधनको ब्रेक सु का नाममा २५ पल्टसम्म कति सुन भन्सारले छाड्यो, २६औं पल्ट के कसरी सुन समातियो ? यसको कथा सार्वजनिक हुने हो भने नाटकीय लाग्नेछ र यही नाटकीय तस्करीको जालोको पर्दाफाससमेत हुनेछ ।

सबैलाई थाहा छ, राजनीतिक संलग्नता विना यति ठूलो परिमाणमा सुन तस्करी हुनैसक्दैन । यो तस्करी प्रकरणमा अर्थमन्त्रालय, सुरक्षा निकायको संलग्नताविना पनि हुनसक्ने सवालै आउँदैन । यसकारण पनि अर्थ, गृह मन्त्रालय यस काण्डमा आकर्षित हुन्छन् । अचम्म त के पनि छ भने सुन छाड्ने दिन एयरपोर्टका भन्सार र सुरक्षा हाकिम विदा बसेका रहेछन् । यसअघिको २५ पल्टसम्मका ब्रेक सुलगायतका सामान छाडिदा यी हाकिम विदा बसेका थिए कि थिएनन्, यस अघि पनि यिनै हाकिम थिए कि अरू ? यी सबैको रेकर्ड हेर्नासाथ धेरै कुरा सार्वजनिक हुनेछन् । र, यी दुई हाकिमलाई काँडे कोर्रा ठोक्ने हो भने यिनले सेटिङ मिलाएरै विदा बसेको हुनसक्छ । साना कर्मचारीलाई लोभमा पारेर फसाउने र आफू उम्किने उपाय गरेको पनि हुनसक्छ । किनकि सामान सामान्य ज्यालादारी गरेर खाने युवाका नाममा झिकाउने, जाँचपास गर्ने साना कर्मचारी पार्ने तर अरबौंको असली सुनका मालिक नदेखिने, हाकिम पनि नदेखिने यो काण्ड अचम्मको हो । कुनै बेला विकिनी किलर चार्ल्स शोभराजले म नेपालको एयरपोर्टबाट हात्ती पनि छिराईदिन सक्छु भन्थे, चार्ल्स शोभराज दण्ड भोगेर र छुटेर फ्रान्स गइसके, यतिबेला हात्ती छिरेजस्तै टनका टन सुन एयरपोर्टबाट छिरेको छ ।

नागरिक समाजमा सुन काण्ड ललिता निवास जग्गा काण्डजस्तै सनसनीपूर्ण बनेको छ । तर समाजमा चर्चा छ, यो काण्ड पनि हात्ती आयो हात्ती आयो फुस्साजस्तै हुनेछ । यति यस्तै भयो भने कानुनीराज फेरि नाङ्गिनेछ ।

लोकतन्त्र नामधारी नाङ्गा बादशाही शासन

सी चिनफिङ चीनका राष्ट्रपति हुन्, नरेन्द्र मोदी भारतका प्रधानमन्त्री । सी भन्छन्- चीन आफ्ना पुर्खाले दिएको एक इन्च भूभाग पनि गुमाउन चाहँदैन । हामीलाई अन्य मुलुकको पनि कुनै भूभाग चाहिन्न...। मोदी भन्छन्- बुद्ध भारतका हुन् । लुम्बिनी भारतको हो भनेर संसदकै ढोकामा नक्सा राख्न लगाए । लिपुलेक, लिम्पियाधुरा, कालापानीमात्र होइन, ६६ हजार हेक्टर नेपाली भूमि भारतमा मिलाए । भारतका शासक सीले जस्तो अर्काको भूमि चाहिन्न भन्न सक्दैनन् ।

नेपाली राजनीति र प्रशासनको नेतृत्व सुकिला छन् तर सोच तुच्छ छ । नेपाली भूमि नेपालको भन्न सक्दैनन् । नेतृत्वकै कारण नेपाल हरेक दिन मैनजसरी पग्लदै, सकिदै जाँदो छ । कसेको कसमा विश्वास छैन । बढ्दो आशंका र अविश्वासले खति बढ्दो छ । तीतो सत्य यही हो कि नेता र प्रशासक अपराधी बन्नाले राजनीति र प्रशासन अपराधिकरण भइसक्यो ।

अपराधीकरण भएपछि केको गणतन्त्र, केको लोकतन्त्र ? नेता ज्यूँदा छन्, राजनीति र प्रशासन मूर्दा भइसक्यो । बरदान भनिएको परिवर्तन मूर्दा कुहिएझैं कुहिएर गनाउन थालेको छ । कुह्यगन्ध रोग हो, गन्ध अग्रगमन वा समृद्धि कसरी हुनसक्छ र ?

युद्धमा हारेको सिपाहीले अर्को युद्ध जित्नसक्छ । जुन सिपाही मनले हरेश खाएर हार्छ, ऊ फेरि कहिले जित्दैन । हाम्रा नेता र प्रशासक राम्रो गर्नै नसकेर हरेश खाएका र भ्रष्टाचारको लादी हसुर्ने हरूवा सिपाही हुन् । यी सच्चा नेता र प्रशासक होइनन्, यिनीहरूबाट बलिदानको आशा नगर्नु देशको हितमा हुनेछ । हो, नेपाललाई छहारी दिने पिपलको रूख ढलेको १६ वर्ष भइसक्यो । कुनै विकल्पले छहारी बन्ने हिम्मत र हैसियत राखेनन् । यसकारण छहारी छैन ।

देशको छ्रानो भत्काइयो, छाइएन, यसकारण आकाश छ्रानो बनेको छ । न गर्मीमा छहारी छ, न घामपानी ओत्ने छ्रानो छ । नेपाल नङ्ग्याइएको छ ।

टूटो भए बुटो पलाउँछ भनिन्छ, जरा छ, जरा पलाउँछ भन्ने कुनै आश्वस्त आधार छैन । पलाउने आशा देखिन्छ, मर्छ र फेरि पनि देखिन्छ मात्र ।

देश हाँक्ने नीति, नैतिकता, विधिविधानले हो । पार्टीले बोकेका चिलौनेको रूख हँसिया हथौडाले काटेर भाटा बनाइसक्यो । सूर्य अस्ताए रात परिसक्यो । हीरा फोडेर किरा मार्नुपर्ने पार्टीहरू सिद्धान्त मासेर सत्ताको झिँगे दाउ खेलेर समय बिताइरहेछन् ।

धर्मो रक्षति रक्षतः भन्नेहरू समेत मुखले फलाक्छन्, पाएसम्म वल्छी हानेर माछा मार्छन् र नपाए अल्छी बनेर उग्राउँछन् । अरू भुराभुरी कहिले रन्किन्छन्, कहिले फन्किन्छन् र आफै थन्किन्छन् । बेहाल छ ।

हरेक पार्टी, हरेक नेताको राजनीति भनेको मौसम अनुसारको ट्यूनिक फेर्ने, मह काढ्ने र हात चाट्ने बनेको छ । यही हो नेपाली राजनीतिको समाजवाद, सर्वहारावाद, अग्रगमन र ऐतिहासिक छलाङ् । नीतिविहीन छ देश ।

वर्तमान नेपालको बेहाल छ । भविष्य अनिश्चित छ । यस्तो अनिश्चित भविष्यमा बाँच्न अभिशप्त छौं ।

काला बादलमा चाँदीको घेरा छैन । अन्धकार सुरूड बनिसक्यो नेपाल । न वीरताप्रति गौरव छ, न वीर बन्ने साहस छ । राजनीतिले मृत्युका डरलादा छायाँ देखाउन थाल्यो । तर्साउन थाल्यो ।

हाम्रा पुर्षा सुनमा कली बस्छ भन्थे, सून शक्ति बन्यो, सून सत्ता बन्यो । राजनीति बस्नुपर्ने सत्तामा कली बसेछ, राजनीति व्यवसाय बन्यो । पहिले राजनीति सेवा थियो, लोकतन्त्रमा व्यापार बन्यो । व्यापारीले हेर्ने मुनाफा मात्र हो ।

वर्तमान नेपालमा पहिरो नै पहिरो छ, गहिरो खाडल छ, भविष्य अन्धकार छ ।

परिवर्तन जसरी आयो, आयो । परिवर्तनमा जीवन थिएन, लाश बन्यो । लाशको के आश गर्ने ? नयाँ पद्धति देशको आत्मा बन्न सकेन । परिवर्तन कालो छायाँ बन्यो, स्वार्थी नेतृत्वका परिवारवाहेक सिङ्गो मुलुकलाई तर्साउन पो थाल्यो । परिवर्तन समाजको मान्यताअनुसार अकालमा मरेर बैतर्णी तर्न नसकेको काँचोवायु पो बन्नपुग्यो । पेटको काँचो वायु पनि अस्वस्थकर, मरेको पद्धतिको काँचो वायु पनि तर्साइरहने ।

यस्तो विवेकशून्य परिवर्तनले वर्तमान लथालिङ्ग बनायो, भविष्य भताभुङ्ग देखियो । सुधार्ने कोही छैन, सुध्रने चासो छैन ।

यो कस्तो राजनीतिक टाउकाहरू हुन्, जो स्वचालित छैनन् । अरूले चलाए चल्ने, अन्यथा हल्लिदै नहल्लिने । किसानले खेतबारीमा उभ्याएका बुख्याँचा जस्ता । बुख्याँचाको स्वराज हुँदैन । स्वाधीनता र सार्वभौमिकता पनि हुँदैन । विश्वकै जेठोमध्येको स्वतन्त्र मुलुकलाई विस्तारै विस्तारै यिनै खोपडी नभएका टाउकाहरूले विदेशीको मौजा बनाइदिए । सिंहदरबार छ, मुर्कट्टाको जस्तो शीर छैन, शीतल निवास छ, दासको जस्तो दह्रो खुट्टा छैन । परालखुट्टेले देशको उन्नति र समृद्धि ल्याउने सपनामात्र हो । देशलाई परदेशी चक्रव्यूहमा पार्नेहरू नेपाल र नेपालीलाई सुई जसरी रोपीरहेछन् । कांडाजसरी घोचिरहेछन् । नेपाल आमाका सन्तानहरू चारा खोज्न परदेश दौडिरहेका छन्, राजनीतिलाई अपराध बनाउनेहरूको अपराध बढ्दै गएको छ ।

राजनीति पौराणिक कथाकी किचकन्याजस्ती लाग्छ । सबै सग्लो तर पाइला उल्टो । सारै मनमोहक सुन्दरी, तर उल्टो खुट्टा भएकी इषालु र विषालु । स्वर्ग हिड्यो नर्क पुगिने । यस्तो लोकतन्त्रले देशलाई सिध्याउन पनि बेर लगाउँदैन । सचेत हुनुपर्ने बुद्धिजीवी मौन छन्, जनता निरीह ।

राजनीति पिचासजस्तो देखिन्छ । धोका खाएका प्रेमिका, अनाहकमा मारिएका छोरी बुहारी, जबरजस्ती मारिएका व्यक्तिहरू, अस्वभाविक मृत्यु भएकाको भर्झकिएको आत्मा कतै ठाउँ नपाएपछि वायु बन्छन् र परिवारलाई पिराइरहन्छन् । यसकारण महानको शव हिरामोतीमाधिवाट लगियो तर उनको इच्छाअनुसार कफिनबाट उनका दुबै खालीहात निकालिएको थियो । सत्तासुखको तीन त्रिलोक चौधभुवन देखिरहेका नेपाली नेताहरू किन बुझ्दैनन्- कात्रोमा खल्ती हुँदैन भनेर । एकदिन मर्नुपर्छ ।

नेपाली शासक प्रशासकहरू आफूलाई घोडा सम्झन्छन्, सोझा जनताका सामु खूब हिनहिनाउँछन् । यथार्थमा नेपाली नेतृत्व सर्वकालिक रूपमा भारतका घोडा हुन् । चीनले पनि घोडा बनाउन खोजेको हो तर यतिबेला नेपालको भूराजनीति बुझेको पश्चिमा नेपाल छिरेको छ । कुन नेता वा प्रशासकलाई कुन विदेशीले घोडा बनायो, जति बुझ्यो उति बुझ्न कठिन छ । जबदेखि नेपालमा उत्तर, दक्षिण र पश्चिमाको आर्थिक र सामरिक प्रभाव र प्रतिस्पर्धा बढ्यो, उनीहरू सामरिक महत्वको केन्द्रभूमिका नेपली घोडा चड्न लालायित छन् । जनताको मतादेश पाएका लोकतान्त्रिक घोडाको भाउ बनाइएको होला र ? अदृश्य शक्ति छ, वादविवाद र बहस भइरहेको छ, भइरहने छ । यक्ष प्रश्न, विग्रदो वर्तमान र भविष्यको हो ।

कोर्स एकातिर, नेतृत्व अर्कोतिर । ल्हासा जाने कुतीको बाटो । राष्ट्र असफल पार्ने लोकतन्त्र यही हो । चरित्र नभएकाको हातमा परेपछि, नामले लोकतन्त्र भएर के गर्नु ? यसकारण समाजशास्त्रीहरू भन्न थालेका छन्-

भ्रष्टाचार गरेको आरोपमा इन्डोनेशियाका मोहमद सुहातों, फिलिपिन्सका फर्डिनान्ड मार्कोस तथा जोसेफ इस्ट्राडा, सर्बियाका स्लोबोदान मिलोसेभिक, पेरूका अल्बर्टो फुजीमोरी, नाइजिरियाका सनी अबाचा, हाइटीका जाँ-क्लाउड दुभालियर, निकारागुवाका अर्नोल्डो अलेमान र उक्रेनका प्रधानमन्त्री पाब्लो लाजेरेन्कोलाई दण्डित गरियो । दक्षिण कोरियाका पूर्व राष्ट्रपति पार्क ग्युन हे, दक्षिण अफ्रिकी पूर्व राष्ट्रपति ज्याकोब जुमा, बाङ्लादेशकी पूर्व प्र.म. बेगम खालिदा जिया, मलेशियाका पूर्व प्रधानमन्त्री नजीब रजाक, पाकिस्तानका पूर्व प्रधानमन्त्री नवाज शरीफ, ब्राजिलका दुई पूर्व राष्ट्रपति दिल्मा रूसेफ र लुई इनासियो लुला द सिल्भा, भारत बिहारका राष्ट्रिय नेता लालु यादवले समेत सजाय भोगे । नेपालमा भ्रष्टाचारी सम्मानित हुँदा लाज लाग्छ ।

चीनका राष्ट्रपति सी चिनफिङले चिनियाँ कम्युनिष्ट पार्टीका ९ लाख भ्रष्टहरूलाई जेलहालेका छन् भने अति भ्रष्टहरूलाई मृत्युदण्ड दिएका छन् । सी भन्छन्- सम्पत्ति थुपार्ने कम्युनिष्ट हुनैसक्दैन । नेपालमा सुल्टो केही हुन्न, सबै उल्टो भइरहेको छ । प्रजातन्त्र र समाजवादमा पनि राजनीति सेवा हो, व्यापार होइन । भ्रष्टाचारीलाई कारवाही हुने दिन कहिले आउला ?

इतिहास साक्षी छ- सिकन्दर महानको शव हिरामोतीमाधिवाट लगियो तर उनको इच्छाअनुसार कफिनबाट उनका दुबै खालीहात निकालिएको थियो । सत्तासुखको तीन त्रिलोक चौधभुवन देखिरहेका नेपाली नेताहरू किन बुझ्दैनन्- कात्रोमा खल्ती हुँदैन भनेर । एकदिन मर्नुपर्छ ।

नेपाली शासक प्रशासकहरू आफूलाई घोडा सम्झन्छन्, सोझा जनताका सामु खूब हिनहिनाउँछन् । यथार्थमा नेपाली नेतृत्व सर्वकालिक रूपमा भारतका घोडा हुन् । चीनले पनि घोडा बनाउन खोजेको हो तर यतिबेला नेपालको भूराजनीति बुझेको पश्चिमा नेपाल छिरेको छ । कुन नेता वा प्रशासकलाई कुन विदेशीले घोडा बनायो, जति बुझ्यो उति बुझ्न कठिन छ । जबदेखि नेपालमा उत्तर, दक्षिण र पश्चिमाको आर्थिक र सामरिक प्रभाव र प्रतिस्पर्धा बढ्यो, उनीहरू सामरिक महत्वको केन्द्रभूमिका नेपली घोडा चड्न लालायित छन् । जनताको मतादेश पाएका लोकतान्त्रिक घोडाको भाउ आफ्ना लागि बिदेशीले ह्वातै बढाएका छन् । यथार्थ यही हो ।

यो मृत्युघण्ट बजेको हो किन कोही सुन्दैनन् । यो जोखिमबाट तर्सने तर्सेका छन्, नेतृत्व हच्केको देखिन्न । यिनले यस्ता यथार्थपरक कथा सुने लाभै हुनेथियो ।

१. हाड नभएको जिब्रोको कथा- नेताले सहयोगीलाई खसीको सबैभन्दा राम्रो भागको मासु किनेर ल्याउन अह्राए । सहयोगीले खसीको जिब्रो किनेर ल्यायो । मालिकले फेरि सहयोगीलाई अह्राए- जाउ अब खसीको सबैभन्दा नराम्रो भागको मासु किनेर ल्याउ । सहयोगीले फेरि पनि खसीको जिब्रो किनेर ल्यायो । यो देखेर मालिकले सोधे- राम्रो मासु पनि जिब्रो, नराम्रो मासु पनि जिब्रो । कसरी ?

सहयोगीले जवाफ दियो- नेताजी जिब्रो राम्रो भयो भने सबैथोक राम्रो हुन्छ । जिब्रो नराम्रो भयो भने सबै नराम्रो हुन्छ ।

२. राष्ट्रियगानको महत्व- बेलायतकी महारानी संगीत प्रतियोगिता हेरिरहेकी- सुनिरहेकी थिइन् । अष्ट्रियाका संगीतकार संगीत सुनाउन आए । संगीतकारले आफ्नो देशको राष्ट्रिय धून बजाएर संगीतको सुरूआत गरे । महारानी जुरूक्कै उठिन् । राष्ट्रियगानको धून समाप्त भएपछि महारानीले संगीतकारलाई हीराको हार उपहार दिइन् । संगीतकारले शीर झुकाएर आभार प्रकट गर्दै प्रत्युत्तर दिए- मेरो देशको राष्ट्रियगानलाई जुन सम्मान दिनुभयो, मेरा लागि हीराको हारभन्दा त्यो सम्मान मूल्यवान छ ।

३. चर्चिल बेलायतका गर्जदो सिंह । १९४०-४५, १९५१-५५ का बेलायतका प्रधानमन्त्री । एकपल्ट उनी भाषण गर्दैथिए, एक अनुयायीले भने- तपाईको ख्याती बढेको छ, तपाईको भाषण सुन्न ठूलो भीड जम्मा भएको छ । यो सुनेर चर्चिल खिस्स हाँसेजस्तो गरे र जवाफ दिए- यो सब तमासा हो । भोलि मलाई यही स्थानमा फाँसी दिइयो भने योभन्दा ठूलो भीड जम्मा हुनेछ ।

४. नेपालेलियन बोनापार्टको सभामा निम्त्याइएका अनेक विधाका व्यक्तिमध्ये एक चित्रकार पनि थिए । चित्रकार अलि पुराना लुगा लगाएर गएकाले नेपोलियनले उनको स्वागत सत्कार गरेनन् । सभा सकियो, सबै फिर्ता जानलाग्दा ती चित्रकार पनि उठेर हिड्न लागे । त्यति नै बेला नेपोलियनले ती चित्रकार सामु गएर हात मिलाए, ढोकासम्म पुऱ्याउन पनि गए । चित्रकार चकित पऱ्यो, अरू अतिथिहरू पनि आश्चर्य मानेर हेर्दै थिए । नेपोलियनले सबैलाई सुनाएर भने- जो कार्यक्रममा आउँछन्, आउँदा तिनको परिधान, राम्रो लुगालाई स्वागत गरिन्छ । जाने बेलामा जुन आदर गरिन्छ, त्यो व्यक्तिको गुणलाई हेरेर गरिन्छ ।

५. आगो कतै पवित्र, कतै अछुत- स्नान गर्न गएका ऋषि भृगुपत्नी पुलोमालाई राक्षसले अपहरण गरेपछि गर्भमा रहेका च्यवनले बाहिर निस्केर आमाको रक्षा गरे । आगोले थाहा पाएर पनि अपहरणमा राक्षसको साथ दिएकाले ऋषिले सराप दिएका रहेछन्- मसानघाटमा अछुत भए पनि पितृ र देवकार्यमा पवित्र हुनेछस् । अब भनौं हामीसँग कस्ता नेता छन् ?

शब्दयात्रा प्रकाशन र स्रस्टा सम्मानको साइनो

शब्द यात्रा प्रकाशनले विभिन्न पुरस्कारबाट स्रस्टाहरूलाई सम्मानित गर`को छ । साउन ६ गते ६ जनालाई सम्मानित गरेको समाचार छ ।

समाचारअनुसार लामो समयदेखि ऐतिहासिक तथ्यहरूको खोज-अन्वेषण र विभिन्न विधाका साहित्यिक तथा अनुसन्धानमूलक कृतिहरूको लेखन-प्रकाशन गर्नुका साथै रौतहटेली साहित्यिक गतिविधिमा अभिभावकीय र प्रेरणादायी भूमिका निर्वाह गर्नुभएकोमा बेलौरी कन्चनपुर जन्मस्थल भई गौर रौतहटलाई कर्मस्थल बनाउनुभएका अन्वेषक तथा लेखक ***शीतल गिरी***लाई २५ हजार, अभिवन्दनपत्र, शब्दयात्रा पट्ट, उपहार र मालासहित 'शब्दयात्रा डा. शालिग्राम शर्मा रौतहट प्रतिभा पुरस्कार २०८०' ले समर्पण गरिएको छ । यस पुरस्कारका लागि कोषको व्यवस्थापन चन्द्रपुर रौतहट निवासी चिकित्सक तथा लेखक डा. शालिग्राम शर्माले गर्नुभएको जानकारी प्राप्त भएको छ ।

राष्ट्रप्रेमयुक्त कविता तथा प्रेरक बालकथाकृतिको लेखन-प्रकाशन गर्नुका साथै विभिन्न ग्रन्थहरूको सम्पादनमा पनि महत्त्वपूर्ण भूमिका निर्वाह गर्नुभएकोमा गोलन्जोर– ५ रतनचुरा सिन्धुलीनिवासी साहित्यकार ***विवश वस्ती*** (विवशराज श्रेष्ठ) लाई १५ हजार रूपियाँ, अभिवन्दनपत्र, शब्दयात्रा पट्ट, उपहार र मालासहित 'शब्दयात्रा जीवनचन्द्र कोइराला सिन्धुली प्रतिभा पुरस्कार, २०८०' समर्पण गरिएको छ । यस पुरस्कारका लागि कोषको व्यवस्थापन ग्रन्थसम्पादक जीवनचन्द्र कोइरालाकी धर्मपत्नी मनिका शर्मा कोइरालाले गर्नुभएको थियो । यस्तै विभिन्न विधाका साहित्यिक कृतिहरूको सिर्जना तथा प्रकाशन गरी नेपाली साहित्यको विकासमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्नुका साथै

गत वर्ष प्रकाशित 'रानीतलाउ' नामक उपन्यासका लागि नेपालगन्ज बाँके निवासी साहित्यकार कल्पना खरेलालाई र विभिन्न विधाका साहित्यिक कृतिहरूको सिर्जना तथा प्रकाशन गरी नेपाली साहित्यको विकासमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेकाले तेमाल काभ्रेपलान्चोक निवासी ***भवानी पाण्डे***लाई 'शब्दयात्रा रणलक्ष्मी राष्ट्रिय प्रतिभा पुरस्कार, २०८०' समर्पण गरिएको छ । पुरस्कारको राशी १५ हजार रूपियाँ भएकाले संयुक्त रूपमा समर्पण गर्नुपर्ने हुँदा ८-८ हजार रूपियाँ, अभिवन्दनापत्र, शब्दयात्रा पट्ट, उपहार र माला समर्पण गरिएको छ । यस पुरस्कारको कोषको व्यवस्थापन पितामाताको स्मृतिमा कवि अमर त्यागीले गर्नुभएको थियो । यसरि नै आफ्ना पितामाताको स्मृति र सम्मानस्वरूप काठमाडौँमा 'डा. रामआदर निर्मला शर्मा पाण्डेय स्मृति बाल-बृद्ध-असहाय उत्थान केन्द्र' नामक संस्था खोली आफ्नो परिवार, नातासम्बन्धी र जनस्तरका उदारमना स्वदेशी दाताहरूसँग सहयोग मागेर करिब चार दर्जन बाल-बृद्ध-असहायहरूको व्यवस्था गर्नुभएकोमा जनकपुर धनुषाकी समाजसेवी ***रमा पाण्डे कोइराला 'रोहिणी'*** लाई १५ हजार रूपियाँ, अभिनन्दनपत्र, शब्दयात्रा पट्ट, उपहार र मालासहित 'शब्दयात्रा हरि मञ्जुश्री दूरदृष्टि नेतृत्व पुरस्कार, २०८०' समर्पण गरिएको छ । यस पुरस्कारका लागि कोषको व्यवस्थापन रश्मि हुमागाईं र इन्जिनियर रोशन अधिकारीले संयुक्त रूपमा गर्नुभएको हो । कठिन परिस्थितिसँग सङ्घर्ष गरी उद्यमी बन्नुभएको, उद्यमीकै रूपमा सामाजिक विकासका लागि योगदान गर्नुभएको र आफ्नो उद्यमशीलताबाट केही रोजगारीसमेत सिर्जना गर्न सक्षम बनी प्रेरणादायी व्यक्तित्व बन्न सफल हुनुभएकोमा धुलिखेल निवासी उद्यमी ***ईश्वर शर्मा***लाई १५ हजार रूपियाँ, अभिवन्दनापत्र, शब्दयात्रा पट्ट, उपहार र मालासहित 'शब्दयात्रा सारथि काभ्रेपलान्चोक उद्यमशीलता पुरस्कार, २०८०' समर्पण गरिएको छ । यस पुरस्कारका लागि कोषको व्यवस्थापन सारथि ग्रुपका अध्यक्ष, प्रह्लाद प्याकुरेलले गर्नुभएको हो । यी पुरस्कारहरूबाट पुरस्कृत हुनुभएकोमा सबैलाई हार्दिक बधाई ज्ञापन गर्दै थप आशीर्वाद दिनका लागि शब्दसाधक तीर्थ नीलकण्ठेश्वर धाममा विराजित सम्पूर्ण देवीदेवता र पितृहरूसँग प्रार्थना गरिएको छ । पुरस्कृत सबै स्रस्टाहरूलाई हार्दिक बधाई तथा शुभकामना ।

- स्रोत हरिमञ्जुश्री

महिला हिंसाविरूद्धको आवाज

देवी काफले – नारीवादी लेखक तसलीमा नसरीन लेख्छिन् - "प्रत्येक पुरूष बलात्कारी हुन्छ, यो उनीहरूको चरित्र हो" । भारतमा भएको तत्कालीन मणिपुर घटनाले थोरै भएपनि पुष्टि गरिदियो । उक्त घटनालाई हेर्दा आजपनि पुरूषहरू महिलामाथि दमन गर्न पाउँदा र उनिहरूका अंग आफूखुशी प्रयोग गर्न, नंग्याउन पाउँदा गौरव महसुस गर्दा रहेछन् । प्रहरी समेत मुकदर्शक बन्यो । बलात्कारको नजारा हेरीरहे । जुन अपराधले ति प्रहरीको मन अलिकति पनि बिचलित भएन ।सरकार त दुइ महिनासम्म वास्तै नगरेर बस्यो ।

दिल्लीको नोयडामा भएको बलात्कार र हत्याकाण्ड र अहिले मणिपुरमा भएको बलात्कार तथा महिलालाई नांगै बनाएर परेड खेलाएको काण्ड हेर्दा पुरूषहरू आज पनि महिलाप्रति कति क्रुर रहेछन् प्रष्ट हुन्छ । निर्भयाका अपराधीलाई त फांसी भयो अब कुकी जातकी मणिपुरे महिलाका अपराधीलाई के सजाय हुन्छ थाहा छैन ।

यस्तै दुरूस्त घटना नेपालमा नभएपनि महिलाको शरिरसंग खेल्ने पुरूषको संख्या नेपालमा पनि उल्लेख्य मात्रामा बढेको छ । तिन वर्षे नाबालिग बालिका देखी सतहत्तर वर्षे बृद्धासम्म पुरूषको घिनौने नजरबाट उम्कन सकेको अवस्था छैन । हालै मात्र दाइमा बसभित्र ७३ वर्षिया महिलालाई दुईजना युवाले आफ्नो हवसको शिकार बनाए । सरकारले यो घटनालाई कसरी लिन्छ सरकारले हेर्न बाँकी छ ।

पहिलेको तुलनामा अहिले अनेक तरहले हिंसा बढेको छ । हुन त यहाँ सबै महिला पिडीत पनि छैनन् र सबै पुरूष अत्याचारी पनि होइनन् । घटनाको प्रवृति नहेरी सामाजिक सन्जालमा महिलाको चरित्रको उछीतो काढ्नेहरूको संख्या उर्लेदो भेल बराबर छ । महिला आज सुरक्षित कहाँ छन् ? न आफ्नो जन्मघरमा न त पतिको घरमा, न समाजमा, न स्कूलमा, न त यात्रा वा मन्दिरमा ।

महिलाको सुरक्षा एक चुनौती बनेको छ समाजमा । नारीवादको मान्यताले नारीहरू पुरूषको दासी बनेर होइन तर पितृसत्तात्मक मानसिकताले नारीमाथि गर्दै आएको शोषण विरूद्ध आवाज उठाउने वेला हो अब । नारा चर्का छन् तर परिणाम शुन्य बराबर । हक, अधिकार, समानताका विषयमा चर्का बहस चलेका छन् । हिंसाका विरूद्ध उठ्ने आवाजहरू शुरूमा त आगो जस्तै दन्किन्छ केहि समय पछी निभेको आगो बराबर शान्त हुन्छ । यस्तै फितलो विरोधको कारण र दलिय संरक्षणका कारण अपराधीलाई कडा सजाय दिन सकेको छैन कुनै पनि सरकारले । नत्र आज पनि निर्मलाको अपराधी खोज्न वेलावेला संसदमा चिच्याउनु पर्ने थिएन ।

आफ्नो सुरक्षा आफैं गर्न सक्ने बनाउनुपर्छ छोरीलाई भन्छौं तर त्रिहत्तर वर्षिया महिला, तिन वर्षिया बालिकाले कसरी कुन सुरक्षाको बाटो अपनाएर सुरक्षित रहने हो ? त्यसका लागि आत्मा मरेका महिलासुरहरूको चर्का विरोध हुनु पर्दैन र ?

न उमेर हेर्ने न त नातागोता नै हेर्ने, यस्ता अपराधीलाई कडा सजायं कहिले हुन्छ ? आज पनि पंचायत बसेर यौनदुराचारका घटना लुकाउने पिडकको इज्जत छपक्कै छोप्ने, पिडीतलाई चरित्रहिनताको माला भिराएर हिड्नेलाई कानूनले छुन्न ।

हुनत बलात्कारको आरोप लागेर सजायं काटेका पुरूषलाई फूलमाला अंबिरले भव्य स्वागत गर्ने समाजका अन्धा नागरिक हौं हामी, पिडीतालाई सकेको चारित्रिक लान्छना लगाएर आफूलाई महान् दार्शनिक बनेर घोलें नाकठड्याएर हिड्ने समाजका नमूना हौं हामी । हाम्रो विचारमा परिवर्तन कहिले आउँछ खोई ?

अब पनि अधुरा आन्दोलनले न्याय मिल्छ ? अब दरिलो र दिर्घकालिन आवाज उठाएन भने हिंसाका घटनाले झन् प्रश्रय पाउनेछ । महिला हिंसा बढ्नेछ ।

चन्द्रमणि गौतमको अदालतमाथि खोजतलास

चन्द्रमणि गौतम लेखक, पत्रकारमात्र होइनन्, सत्ताका बिकृतिका ज्ञाता पनि हुनुहुन्छ । गौतम लेख्नुहुन्छ- न्यापालिकामाथि पार्टी र नेताबाट विगतमा घृणित हर्कत भए-गरिएकै हुन् :

१. तत्कालीन एमालेको 'कोटा'बाट न्यायाधीश बनाइएका १० 'पार्टी सेवक'हरू नागेन्द्रलाभ कर्ण, केशबराज जोशी, रमेशबहादुर थापा, रमेशप्रसाद राजभण्डारी, मणकुमार गौतम, राजेश्वर तिवारी, जगन्नाथ महतो सिंह, यमुना भट्टराई र नीलम पौडेल न्यायाधीश बनाईदिने अन्नदाताको 'बरदहस्त' मागन, बैचवाला माओवादीको नेपालबन्द २०७० जेठ २६ गते आइतबारको साईत मिलाएर, पार्टी अध्यक्ष झलनाथको बोलावट र नेतृ अष्टलक्ष्मी शाक्यको समन्वयमा दिउँसो पार्टी कार्यालयमा एमालेको मूख्यालय सुटुक्क पुगे । अझ गम्भीर कुरा ! कथित श्रीमान्हरूलाई पार्टी-अध्यक्ष झलनाथले आशिर्वाद तथा अर्ती-उपदेश दिंदै भने, "पार्टीको हितलाई कहिल्यै नबिर्सनु होला.... ।"

२. नेपालकी पहिलो महिला प्रधानन्यायाधीश सुशीला कार्कीका विरूद्ध नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा र तत्कालीन माओवादीका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' को मिलिभगतमा कांग्रेस र माओवादी मिलेर २४९ सांसदको दस्तखत भएको महाअभियोग प्रस्ताव ०७३/१/१७ का दिन संसदमा दर्ता भयो । कारण थियो आईजीपी नियुक्तिमा प्रधानन्यायाधीश कार्कीले जयबहादुर चन्दलाई अहित हुने गरी नवराज सिलवललाई आईजीपी बन्न कानुनी बल पुर्याएको । महाअभियोग लागेपछि कार्की निलम्बनमा परेको मौकामा त्यसै दिनको राती साडेआठ बजे आजसम्मका सबैभन्दा विवादास्पद प्रधानन्यायाधीशमध्येका गोपाल पराजुलीको का.मु. प्रधानन्यायाधीशमा रहस्यमय तरिकाले पद बहाली भयो । पराजुलीले न्यायालयलाई कुन हालतमा पुर्याए, जग जाहेर छ । डा. गोविन्द के.सी.को सत्याग्रहले उनलाई ठेगान लगाएको थियो । योभन्दा केही समयअघि सर्वोच्च अदालतका न्यायाधीश आनन्दमोहन भट्टराईका विरूद्ध पनि असफल महाअभियोग लगाईएको थियो ।

३. सरकारको एउटा अंग महान्यायाधीवक्ताको कार्यालयले नै न्यायपरिषदले गरेको ११ जना न्यायाधीश नियुक्तिको विरोध गरेर र महान्यायाधिवक्ताको कार्यालयलाई सबभन्दा अस्तव्यस्त र लथालिङ्ग बनाउने काम प्रचण्ड प्रधानमन्त्री भएको वेला नियुक्ति पाएका रमण श्रेष्ठ हुन् । सो नियुक्तिको बावजूद ५ महिनासम्म उनीहरूको संसदीय सुनवाई गरिएन । ७५५ वटा सरकारी फौजदारी मुद्दाको प्रतिवादी वकिल भईकन पनि उनी महान्यायाधिवक्ताको पदमा लगिएका थिए । अर्का चरम विवादास्पद महान्यायाधिवक्ता थिए तत्कालीन माओवादीका वरिष्ठ नेता डा. बाबुराम भट्टराई प्रधानमन्त्री हुँदा नियुक्त भएका मुक्ति प्रधान । ०६९ पुसमा प्रधानमन्त्री भट्टराई र यी मुक्ति प्रधानले दैलेखमा मारिएका पत्रकार डेकेन्द्र थापा हत्याको जघन्य अपराधविरूद्ध मुद्दा नचलाउनदेखि माओवादीको कथित 'जनसरकार'ले घर-सारमा गरेको घर-जग्गा किनवेचको कागजातलाई कानुनी मान्यता दिलाउन के मात्र गर्न बाँकी राखे !

४. लोकमानसिंह काकीलाई अख्तियार...को प्रमुख आयुक्त नियुक्त गर्न तत्कालीन सर्वदलीय सहभागितामा सर्वशक्तिमान 'उच्चस्तरीय राजनीतिक समिति' का संयोजक प्रचण्डले ३ चैत २०६९ मा सिफारिश गरे । नियुक्ती भयो नै । तर यो नियुक्तीले जनस्तरमा यति ठूलो आक्रोश सिर्जना गयों कि 'शीर्ष नेताहरू' भनिएका सबै स्वनामधन्यका शिरमा कलंकरूपी मलमूत्र छरेजस्तै जनताले तुलना गरे । सर्वोच्च अदालतमा मुद्दा पर्यो । लोकमानको नियुक्तीलाई सर्वोच्च अदालतबाट मिलाउन प्रधानमन्त्री रहेका प्रचण्डले भएभरको सामर्थ्य लगाए । लोकमानको मुद्दा मिलाईदिएर उनले लडाकुका नाममा खाएको पौने तीन अर्ब रूपैयाँ अख्तियारको सहायताबाट पचाउनु थियो । त्यसैले तत्कालीन प्रधानमन्त्रीले प्रधानन्यायाधीश सुशीला कार्कीलाई भेटेको उल्लेख गर्दै असोज ४ गते मंगलवार (०७३) सार्वजनिक रूपमै भने, "लोकमानवारे सर्वोच्चसंग कुरा मिलिसक्यो ।"

५. पार्टीहरूको बर्कत, बुता र हुती चैं कतिसम्म गिरिसकेको छ भने संविधानसभाको पछिल्लो निर्वाचन आफैंले गर्न नसकेर तत्कालीन ४ प्रमुख दल नेपाली कांग्रेस, एमाले, माओवादी र मधेशवादी मोर्चाले तत्कालीन प्रधानन्यायाधीश खिलराज रेग्मीलाई चुनावी सरकारको अध्यक्ष बनाउन सहमत भई उनलाई सरकारको अध्यक्ष बनिंदिन २ पटक अनुरोध गर्न पुगे । दलहरूलाई यसो गर्न राज्यको शक्ति विभाजन, नियन्त्रण र सन्तुलनको काइदा-कानुन लत्याउन लाजै भएन । रेग्मी आनाकानी गर्दै अन्ततः दलहरूको अनुरोधमा चुनावी मन्त्रिपरिषदको अध्यक्ष बन्न राजी भए र बिहीवार १ चैत ०६९ का दिन प्रधानन्यायाधीशको पद बोकेरै मन्त्रिपरिषदको अध्यक्ष भए । त्यो दिनलाई नेपाल बार एशासिएसनले 'न्यायिक इतिहासमा कालो दिन' घोषणा गयों । सोही दिनको राती उता रोमको भेटिकनसिटीमा अर्जेन्टिनाको ब्युनर्स्आयर्स् निवासी मारियो बर्गेग्लियो रेग्मी प्र.म. भएजस्तै आश्चर्यजनक रूपमा ल्याटिन अमेरिकाबाट पोप छानिएका थिए ।

यस्ता विकृति, असंगति वा घृणित गतिविधि प्रकाशित गरेर नभ्याईने मात्रामा मसंग थुप्रिरहेका छन् ।

portance of the army and move forward by

When the Chinese leader comes to Nepal, PM Dahal is in Italy!

Prem Sagar Poudel- -

Prime Minister Pushpa Kamal Dahal is going to Italy on Saturday to evade the meeting with the representative of the Chinese Communist Party (CPC) who started visiting Nepal at the invitation of the Maoists. The team is scheduled to come to Nepal on Sunday, Shrawan 7 (July 23).

Prime Minister Dahal has tried not to meet with even the high-level CPC delegation that will visit Nepal next September. Dahal is preparing to go on a visit to America when the representative of CPC is coming to Nepal. PM's schedule to go to America in September has already been decided. If, for some reason, the US program is postponed, he will leave for a visit to another country at that time.

Now Prime Minister Dahal has started going to Italy on a ministerial visit. Dahal will be on his way to participate in the United Nations Food System Summit in Rome, Italy. It was decided that Agriculture and Livestock Development Minister Beduram Bhusal will participate in the program. However, recently the Prime Minister himself wanted to go to the event, and the Cabinet meeting held on the 4th Shrawan (July 20) approved Dahal's visit. Dahal will return to Nepal on Shrawan 12 (July 28) after completing the program. With the representative of CPC who is coming to Nepal, Dahal has said that he will speak via video conference from Italy. At the request of Maoist leader Barshaman Pun, Dahal, as Maoist chairman, had invited CPC leaders to visit Nepal. The invitation was sent to establish close ties between the Maoists and CPC. Lately, Maoist's relationship with Bharatiya Janata Party has been deepened. On 8 Shrawan (24 July), led by Maoist leader Pampha Bhusal, Maoist leaders are going on a tour of India. They were invited by the Bharatiya Janata Party.

UML Chairman KP Oli is returning to Nepal from Cambodia on Shrawan 8 to meet the CPC representatives who are coming to Nepal. Oli is likely to meet with the said representative on Shrawan 9 (July 25). However, Maoist as the host party has not made any preparations for this matter. It is understood that the Maoists have not even informed the UML on this matter yet. It can be assumed that Prime Minister Dahal is under a lot of pressure behind inviting guests himself and going on a foreign tour.

In other words, Prime Minister Dahal is now at the center of expanding the influence of America and India in Nepal. He is trying to escape as much as possible, fearing that he will get into more trouble when he meets and talks with the Chinese representative. Prime Minister Dahal has been reluctant to meet with the Chinese when America is moving India forward in Nepal. It seems that Dahal is getting into trouble because he backed away from the commitments, he made with China earlier.

More hidden some open mind

Most of all person in a dirty politics, dirty couple, dirty family, dirty society, dirty writer, dirty journalist, famous ladies to all person and religious people also who is any moment thinking how to kill, how to destroy, how to earning lot of money, how to take a revolving chair by revolution, how to take a revenge which makes a power as a Kings rules. There are more hidden events of own story, more imagination how to winer, how to richer than riche, how to famous in a own nation to worldwide, how to save own life how to strong and fame a all in all than law. They know very well all dream imagination will be end one day in a old age as a dead body.

Fortune and misfortune never comes to alone then and there after the born and before the death. Of course our mind is not a moving forever as we like whic we are looking and moving Sun, Moon, Stars, Climate according to time only but forever not a one day. Where is not respect in a couple, in a all family, in a human circle, in a own Nation to international connected who is well singer, well educated, well mind for survival people. It's a fortune of immortal memorable for new generation to old generation. Events of story is a part of human life who is any moment filling hell and heaven in this soil earth who is always deeply thinking in a couple in a all favourite family to all branches of society only not a after the death. As a matter of fact soul is not a immortal as a lighted of sparking the Sun, Moon and Stars. All vision will be nothing and never complete in a longer life which we wants more desire more imagination in a own life. Our soul will be end after the death. But all vision is not a destroy if we are well doing well write the story and poems as a William Words Worth, W.H.Davies, Kabir Surdas, Ravindra Nath Taigor, Luxmiprasad Devkota, Lekhanath Poudel, Shankar Dev Panta so on. Soul is a part of awaking mind power untill the living in a world. It's called the immortal soul according my open mind. Soul is always higher to small thinking and running to flying on far blue Sky to evergreen Worldwide with swimming small river to deeply Ocean in a inner earth where are moving the hot and cool water and flaming fire as a volcano. Nothing will be remaining in a life except story of events and poems if you published the book by writer which are always memorable by new generation to old generation. They will filling and looking by inner eyes with ranging the bell in a mind. It's called the soul is immortal.

Note* 3 person are name and fame in a Nepal to Worldwide news paper about the well doing and events of story. 1) Now a days Rajan Karki is a famous writer and perfect journalist at Nepal if you looking the weekly Gorkha Express news paper. He has already been published the more books and with uncountable story in a many in a many News paper about the politics with too valuable events of story. If you open the messenger and facebook. He is open mind not a more hidden. 2) Eva Indrian is a famous of Worldwide for perfect writer, Well singer, Well educated, far lighted of mind, Swimming in a river to deeply ocean, Yogine, Actress, Dancer, Well understand person to person about the more hidden some open mind, Natural quality how to use the Sweet flowers of words. Eva Indrian live in Mill Valley, California with married of pair. Really life is not a childs play after the study by her more highly mind power. Try to open messenger. Facebook, Istigram so on. Really Eva Idrian is a born silver spoon her mouth. 3) Shanti Modi is a famous and perfect layer of Nepal. She is more kindness and more suggestions to the public. She famous writer about the political and successful business mind also. Now a day she is living in America with all favourite family. No question at all about her master mind if you will see messenger, Facebook so on. She love Nepal and all Nepalese person. Really Shanti Modi are born silver spoon her mouth by her more highligh byted of mind. Thanks a more and mor. e if someone study this small story. Events of story is never end in a all human being. - Jagadish Pradhanang

Smash And Grab

By Sunanda Datta Ray

Contd.... CHAPTER 7

Gandhi of Sikkim." The hint was at once taken, and for a few weeks Kazi basked in the new honorific. Contd...

Basnet, who became the SNC's joint secretary, recalled in, Sikkim. A Short Political History that Kazini took over the party's publicity, produced a steady stream of political propaganda, and built up her husband's public image. "If the activities of the party lacked colour, it was amply supplied by the fertile imagination of the Kazini; and where the party leaders failed to exhibit courage and determination, the Kazini's vigorous language lent all the fire needed." But as Basnet admits, propaganda outstripped reality, and "newspaper cuttings, the end product of the Kazini's toil" boasted of far more than the leaders ever attempted. "The Sikkim National Congress was kept alive and kicking, its image shining, almost wholly by the efforts of the indefatigable Kazini."

But if newspaper claims were hollow, they nevertheless irritated the Chogyal who set a high price on press coverage. He was constantly upset by the personal and political invectives published in the Himalayan Observer, a Kalimpong periodical, and occasionally complained to the PO who merely shrugged to say that India believed in free expression and an uncontrolled press. He should have anticipated the snub, but prescience was never one of the Chogyal's strongest qualities. He bungled even more badly over a series of three articles on Sikkim's political and^Jand rights that Basnet wrote for a Calcutta weekly. Now. Since the magazine had a limited circulation, the provocation could have been ignored. Instead, the durbar arrested Basnet and charged him with sedition. The charges were not pressed, but the case seemed to confirm misgivings about Sikkim's ruler.

Equally ham-handed was the action taken against one of Kazini's very few female proteges. Mrs Ruth Karthak Halim was a Lepcha woman married to an Indian businessman, but possibly prodded by Kazini, she claimed descent from Thekong-tek and suggested that the throne was hers by right. She then formed an Independent Front to contest the polls which she could not do, having forfeited
her status in Sikkim on her marriage. In any case, Mrs Halim was totally without influence. But instead of just debarring her, the durbar kept her in jail for about four months.

All this was grist to Kazini's mill. She complained that the state of emergency proclaimed in Sikkim in 1962, during India's war with China, was only another bid to suppress popular rights, denounced the new 31-member people's consultative committee as an instrument of the durbar, and frequently declared that she would hold on to her British passport until such time as she could be a citizen, not subject, of Sikkim. Political machinations absorbed much of her energy in the middle and late sixties. A piqued Basnet had walked out of her circle to form the Janata Party; she hoped that the National Party would succumb to quarrels among Martam Topden, Netuk Tsering, and Phurba Maila who was elected president in 1969; and her husband was locked in a tussle for leadership with Bhim Bahadur Gurung, the SNC general secretary. In a farcical denouement, Kazi and Gurung expelled each other from the party. But Gurung, Netuk Tsering, and Nahakul Pradhan. were made executive councillcrs wen though Kazi won the general seat in the 1967 elections by a substantial margin, and his party returned eight members. The National Party had five and the State Congress only two. Kazini was bitterly disappointed, and the SNC stridently returned 10 the demands of domestic revolution and closer ties with India. The State Congress had lost its radical fervour: Kashi Raj Pradhan had been removed from leadership, and his nephew, Nahakul, was a circumspect man. IftheC'nogyal would not make her husband executive councillor, Kazini would not recognise the durbars status. "I don't know what Sardar Patel was thinking of," she would say. "Why on earth he left out these three Himalayan states when the princes were merged, I just cannot imagine."

No one was quite sure at this tune of Kazi Lendhup Dorji's own views. He had very little to say for himself, and nothing when his wife was around. But in reflective moments, he would muse aloud on how the Namgyals had been unjust to the Khangsarpas, recall an ancestor who hid apparently saved a ruler from the Tibetans, talk of the services of Phodang Lama and complain of being deprived of the well-endowed abbotship of Rumtek. He was proud too of his labours as executive councillor in charge of agriculture. If his wife were not present, Kazi would pull out a report he had
compiled on the Geba farm and draw the visitor's attention to the Chogyal's note of approval at the bottom. His platform rhetoric notwithstanding, Kazi thought only in terms of personal equations. No sense of mission inspired his conversation; he certainly did not appear to be an ardent republican; and the impression most often conveyed was of an amiable old man who barely understood the things that were said and done in his name.

His wife was far more complex. The title she affected, the emblems she flaunted, the names of the great she so casually dropped, and her punctilious insistence on social niceties suggested the tarnished glitter of European salons and boudoirs before the Second World War. She might have been Mrs James, the humble subaltern's wife from Dinapore, who became Lola Montez the Spanish dancer, was courted by Tsar Nicholas at St. Petersburg, and captivated Ludwig of Bavaria who created her Baronne de Rosenthal and Countess von Lansfeld. Indeed, Kazini sometimes talked of Lola Montez's portrait among the court beauties in Munich's royal palace.

She was obsessed by rank. Her campaign for Mrs Halim's mythical pretensions was a feature of this fixation. She sometimes said that Taring Raja, then living quietly in-the exiled Dalai Lama's entourage, was the real king. Carried away by her dreams, Kazini even once or twice 'hinted that her husband had a better claim to the throne than the Chogyal. She would sometimes suggest, with Kazi vigorously nodding away, that he had been adopted by Sidkeong Tulku, the tenth ruler. But vain, ambitious, and scheming that she was, Kazini also knew that royal fantasies would not help to promote her husband's position. On the contrary, his appeal in Sikkim as well as for the Indian government lay in his continuing opposition to the durbar. Asked if she wanted to be the next Gyaimo, Kazini to drew herself up to her full height to announce: "No, but I shall be the first lady of the first president of Sikkim." Contd....

राष्ट्रको महत्व बुझेनौं, चिनेनौं

नेपाल आफ्नो भौगोलिक अवस्थितिका कारण विश्वमै अद्वितीय, अविस्मरणीय पर्यटकीय केन्द्र भएर पनि धेरैले थाहा पाउने व्यवस्था नेपालले गर्न सकेको छैन । सानो क्षेत्रफलमा ठूलो प्राकृतिक विविधता, सुन्दरता, रमणीयता, मौलिक सांस्कृतिक रोमाञ्चकताका कारण यो विश्वकै ठूलो देशमा पर्दछ । यी कारणले नेपाल रहस्यमय मुलुक हो । पृथ्वी कै बैभन्दा ठूलो भर्जिन हिमाली राष्ट्रिय निकुञ्जले त विश्वलाई नै बढारेर ल्याउन सक्ने क्षमता राख्दछ । टेकिङ्लाई कुल पर्यटनको ५० प्रतिशतमा पुऱ्याउन सकिन्छ ।

यस्तो महत्वपूर्ण हिमालय क्षत्रलाई दूरदृष्टि नभएको आयातित सस्तो र क्षणिक राजनीतिक सोचले बर्बाद पारेको छ । नेपाली वास्तुकला मासेर सिमेन्टका जंगल बनाएको छ, नेपाली उत्कृष्ट भाषा मासेर अग्रेजी आयात भएको छ, विज्ञान र ज्ञानसंगत संस्कार संस्कृति र धर्म दर्शन मासेर ईशाइयत लादिएको छ, नेपाली गीत संगीत मासिएको छ, आर्थिक, न्यायिक, शैक्षिक, प्रशासनिक, राजनीतिक पद्धति मासेर पश्चिमाको जडौरी ल्याइएको छ । नेपाललाई युरोप अमेरिकाको जस्तो बनाए त पर्यटन मासिन्छ, यस्लाई नेपालको जस्तो बनाउनु पर्छ, घर वास्तुकला लगायत सबै नेपाली नै हुनुपर्छ, हाम्रा खाना संगीत सबै नेपाली नै रहनुपर्छ; पर्यटक फर्केर जाँदा नेपाली धून, गीत गुनगुनाएर जाने हुनुपर्छ, ती धून ने नेपालको पर्यटन विकासका विज्ञापन बन्दछन् ।

नेपालको पर्यटनलाई नेपाली वास्तुकला, हस्तकला, काष्ठ धातुकला आदिको बिक्री उद्योग बढाउने बनाउनुपर्दछ अथवा ती विश्वमा अन्यत्र नपाइने हुनु पर्दछ । हाम्रो कृषि पारिवारिक गुजाराको पूर्ण अर्गानिक हुनुपर्छ, राइसमिल र ट्र्याक्टर हटाएर जाँता हलो गोरू बढाएर होम स्टेयुक्त मुलुक बनाउनु पर्छ । सन १९९८ मा ठाउँठाउँमा गरिएका सांस्कृति, धार्मिक, पर्यटकीय कार्यक्रमहरू थालनी मात्र हुन्, व्यापक र निरन्तर हुनुपर्छ । यथार्स्थितिवादी र क्षणिक कार्यक्रम गर्ने पर्यटन बोर्ड खारेज गरेर प्रस्ताव गरे अनुसार हुनु पर्छ । हिमालय राष्ट्रिय निकुञ्ज निर्माण गरेर व्यवस्थित वस्ती मोडल लागू गरिएपछि नेपालको कायापलट हुन्छ । सम्पूर्ण नेपालीलाई नयाँसोचमा जान उत्साह दिन्छ । सबैभन्दा ठुलो कुरा यसले सबैले देख्ने र अनुभूत गर्नेगरी आम जनताको जीवनस्तरमा सुधार ल्याउन सक्दछ, विदेशिएका नेपालीलाई फर्काउँन सक्दछ । केही चरण पछि थप विदेशीलाई रोजगार दिन सकिन्छ ।

विगत केही वर्षदेखि वैदेशिक व्यापार घाटामा छ, भुक्तानी स्थिति प्रतिकूलछ, दिनानुदिन निर्यात घट्दो छ । शोधनान्तर स्थितिको घाटाको खाडल निकै गहिरो छ । पर्यटन उद्योगले भुक्तानी सन्तुलन बनाउँन सक्छ । अतः प्राकृतिक, सांस्कृतिक, आर्थिक र ऐतिहासिक सम्पदाको हानी नगरी अर्थोपार्जन गर्ने र नेपाललाई अन्तर्राष्ट्रिय पर्यटन केन्द्र बिन्दुका रूपमा विकास गर्न प्रस्ताव गरे अनुसारका काम गर्नपर्दछ, ताकि यस्ले गार्हस्थ्य उत्पादनमा आधा योगदान दिन सकोस् । केवल थोरै तारे होटलमा अलमलिएको नेपाललाई अब मुलुकका नेपाली वास्तुकला र संस्कृतिका सबै घर नै तारे होटलभन्दा महत्वका हुनुपर्दछ, हरेक घरमा स्थानीय उत्पादनका परिकार पस्किनु पर्दछ, त्यो पनि आयात शून्य भएको, हरेक गाउँको उत्पादन हुनु पर्दछ ।

पर्वतारोहण उद्योगमा पर्वतारोहण, हिमाल दर्शन, नजिक पुग्ने र चुम्ने आदि पनि हुन् । महोत्सवहरू नेपालीत्व चिनाउने र घरेलु वस्तुको बजारिकरण हो । अर्को, जीवनमा एकचोटी नेपाल देख्ने भावना जगाउनेमा हिमाल र हिमाली राष्ट्रिय निकुञ्ज नै पर्दछ । एक जना व्यक्तिले विद्यार्थी छँदा सिक्न, युवा छदा केही खोज्न र वृद्धहुँदा अवकाश जीवनको शान्तिपूर्ण सदुपयोग गर्न आउने मन बनाउँछ । दुर्भाग्यवश राजनीतिमा राष्ट्रियता र राष्ट्रिय एकताको भावना जम्नै सकेको छैन ।

हिमाली राष्ट्रिय निकुञ्ज श्रोत

१.हिमालय शृङ्खला सहितको हिमाली क्षेत्र, जुन नेपालको कुल भूभागको लगभग २४ प्रतिशत पर्दछ- लाई हिमालय राष्ट्रिय निकुञ्जमा परिणत गरेर विश्वको उच्चतम निकुञ्ज बनाउनु सकिन्छ । यस्तो निकुञ्ज विश्वमै अन्यत्र कहिँ पनि हुन सक्तैन । सर्वसाधारणलाई पवेश निषेध गराएर यसमा वनस्पती, जरिबुटी, पशु र पक्षीलाई प्राकृतिक रूपमा विकास गराएर विश्वको उत्कृष्ट पर्यटनको गन्तव्य थलो बन्दछ; विस्वकै प्रमुख पर्यटन केन्द्र बन्न सक्ने खुबी राख्दछ । यसमा जे छ त्यो विश्वका अरू देशसँग छैन । यसलाई विश्वकै उत्कृष्ट ठूलो उद्योग बनाउन सकिन्छ । पृथ्वीमा हिमालय सूखला एउटा मात्र छ । भऱ्याङ् जस्तो तहतह र तरेली परेर होचो भागबाट अग्लो भागसम्म पुगेको उत्तरी गोलार्धमा दक्षिण फर्केको घमाइलो पाटो पनि एउटै मात्र छ । यहाँ जे जडिबुटी, वनस्पति, पशुपक्षी, जलचर र कीरा फटयाङ्ग पाइन्छन् ती सबै विश्वमै दुर्लभ छन् । यसको भू बनोट र प्राकृतिक दृश्य नै दुर्लभ छ । हरेक अर्थमा पनि यो राष्ट्रियनिकुञ्जको महत्व छ । प्रस्ताव गरिए अनुसार यो निकुञ्ज निर्माण भएपछि विश्वको जोकोही नागरिक नेपाल नआइकन नमनें दृढता व्यक्त गर्नेछन् । नेपाल विश्वके ठूलो पर्यटन गन्तव्य थलो हुने छ । नेपालको यो निकुञ्ज विश्वकै ठूले निकुञ्ज मात्र होइन यो एक्काइसौं शताब्दिको विश्वको पहिलो आश्चर्य भित्र गनिने छ ।

२.सरदरमा नेपालको पर्यटन क्षेत्र कृषि र बनको क्षेत्रभन्दा फराकिलो छ । यसले नेपालको कुल श्रम जनशक्तिको, झण्डै दोब्बर रोजगार दिन शक्छ । यो पर्यटन उद्योग नेपालको कृषि र वन भन्दा अझ भरपर्दो, स्थिर र सजिलो पनि छ । हिमालय राष्ट्रिय निकुञ्जको निर्माणले सदा पहिलो गन्तव्यस्थल बनिरहने खूबी राख्दछ ।

३.यसमा राज्यले गर्न पर्ने काममा सर्वपैथम प्रस्ताव गरिए अनुसार उक्त २५.५ प्रतिशत भूभागलाई हाल भएका निकुञ्ज कायमै राखेर हिमाली राष्ट्रिय निकुञ्जको घोषणा गर्नपछ, निकुञ्ज क्षत्रलाई वस्ती विहीन बनाउनु पर्छ, निकुञ्जभरि प्रस्ताव गरे अनुसार जडिबुटी र पशुपंक्षीको व्यवस्थापन, उत्पादन , प्रशोधन र निर्यात व्यवस्था गर्नपर्छ । यसलाई व्यवस्थपन गर्दा निकुञ्जलाई प्रवेश निषेध क्षेत्र बनाउने; निषेधित क्षेत्रमा विना इजाजत/विना शुल्क स्वदेशी अथवा विदेशी कोही पनि जान नपाउने दिगो व्यवस्था गर्नु पर्दछ । त्यहा भित्र भएका लगभग दुइ लाख घर कुरियालाई सोही दक्षिणका उपयुक्त ठाउँमा व्यवस्थित वस्तीपद्धति अनुरूप आधुनिक वस्ती बनाएर बसाउनु पर्छ । प्रस्ताव अनुसार यस क्षेत्रको विशेष व्यवस्था गरेर बहुपक्षीय विकास गर्ने, सो क्षेत्रदेखि २० किमी टाढासम्म मात्र मोटर बाटो बनाउने दिगो मूलनीति हुनै पर्छ । अर्थात् एक दिन पैदल नहिंडी निषेध क्षेत्र पुग्न नमिल्ने गरी मूलनीतिबाटै दिगो व्यवस्था गरिनु पर्छ । निकुञ्जभित्र प्राकृतिक रूपलाई सजाएर हजारौं रिसोर्टहरू, क्रिडास्थलहरू, साहित्य-कला कोर्ने, पशुपंक्षी हेर्ने तथा चाहेको तरिकाले वस्ने ससाना घरहरू, आश्रमहरू, कुटीहरूको निर्माण गरेर, प्रकृतिको शान्ति उपभोग गर्न सकिने गरी साना बिजुली, संचार लगायत, कंप्युटर आदिको व्यवस्था सहितको वासस्थान, आश्रम आदि नेपाली पनबाट दिर्घकालसम्म हुनेगरी निर्माण गरिनुपर्छ । विश्वका सदुपकृष्ट सम्मेलन, गोष्ठी, सभा, कार्यशाला, अनुसन्धान तथा खोज मूलक उत्किृष्ट संम्मेलन गराउने व्यवस्था गरिनु पर्दछ । निकुञ्जभित्र विश्वमा हुने र नहुने सबै उद्भिद, पशुपक्षी तथा मनोरञ्जन साहसिक खेल आदि गरी सबै भू-भागलाई उच्चतम उपयोग गर्ने, यस क्षेत्रलाई भूउपयोगिताको हिसाबले नक्सा तयार पार्ने र त्यसलाई दीगो रूप दिने सानो तर दिगो उकाइ चाहिन्छ ।[१] प्रस्तावित विभाजन तथा उल्लेखित नीति, कार्यान्वयन, अनुगमन तथा पर्यटनस्थलको अनवरत खोज बिस्तार र विकास गरिरहन एउटा छुट्टै स्थायी वोर्डको गठन गर्नपर्छ ।

माथि प्रस्ताव गरिए अनुसार यस क्षेत्रको विशेष व्यवस्थाले देशको बहुपक्षीय विकास गराउन र सम्वृद्ध बनाउन सहयोगी हुनेछ । यसबाट नेपालीको जीवन स्तर उचाल्न विचित्र र विशाल सहयोग प्राप्त हुन्छ । प्रत्येक वर्ष नेपालीको आय स्तर बढ्दै जान्छ । सावधानी पूर्वक यस क्षेत्रको एकिकृत विकास गरिनुपर्दछ ।

४.दीगो र सुव्यवस्थापन, प्राकृतिक रूपमै संरक्षण, पर्यटन उद्योगको अलौकिक प्रस्तुति, जिनाइन शिखर र शान्त सम्मेलन र रिसोटंको परिचालन, व्यवस्थित वस्ती पध्दती अनुरूप ज्ञानपक्ष र बस्तुपक्षको एकिक्रीत विकास हुन् ।

बहुपक्षीयता र सम्वृद्धता यसका मौलिक पन हुन् । निकुञ्ज सीमा भन्दा २० किमीबाहिर कहिल्यै सडकले नजोडेमात्र निकुञ्जलाई पूर्ण प्राकृतिक रूपमा बनाइ राख्न सकिन्छ, त्यस बाहिर व्यवस्थित वस्तीहरूको निर्माण ; प्रस्ताव गरिएका शैक्षिक प्रतिष्ठानहरू; औद्यगिक प्रतिष्ठानहरू तथा पर्यटनजन्य महानउद्योगकालागि सर्वाङ्गिण पद्धतिबाट काम हुनु पर्दछ । त्यसले मात्र लाखौं नेपालीलाई पूर्ण रोजगार दिन्छ; उँचो जीवन बनाउँछ; जीवनस्तर उचाल्छ; अनि यथार्स्थितिबाट मूलुक माथि उठ्छ । कहिल्यै उठ्न सक्दैन भन्ने मानसिकताका अन्त्य हुन्छ । यी सबै कुरा प्राविधिक अध्ययनले निधो गर्ने विषय हुन् ।[२]

निषेधित क्षत्रभित्रको पर्यटन र त्यसबाहिरको ट्रेकिङ्, निषेधित क्षेत्र बाहिर बसाइने व्यवस्थित हिमाली वस्तीको मूल व्यवसाय पर्यटन, व्यापार, उद्योग, आयुर्विश्वविद्यालय शिक्षा र उपचार स्वास्थ्य, आयुर्वेदिक औषधि उत्पादन उद्योग तथा आंशिकरूपमा फलफूल खेती हुनु पर्दछ ।

५.तिब्बत छिचोल्ने पाँचवटा राजमार्ग भने यसै निकुञ्ज बीच भएर जाने छुट दिइनुपर्दछ । यस क्षेत्रलाई विश्वको एक मात्र प्राकृतिकरूपमा रहेको वास्तविक प्रकृति देखिने थलोको रूपमा विकसित गरिनु पर्दछ । यसले विश्व प्रकृतिको अद्वितीय रूप देखाउने क्षमता राख्दछ । विश्वका सबै शिष्ट व्यक्ति जीवनमा एक पटक तथा देखेपछि बारम्बार आइरहने पार्नसक्ने हुनु पर्दछ । यो विश्वको एक मात्र कुमारी प्रकृतिको विशाल राष्ट्रि निकुञ्ज तथा अनन्त शान्ति दिन सक्ने थलोको रूपमा प्रतिष्ठित हुनु पर्दछ । हिमाली वस्ती चिसा मुलुकका आधारमा, साइबेरिया, उत्तरी क्यानडा, तास्मानीया, नर्वे, तिब्बत तथा नेपाली लेकाली वस्ती समेतको समागम हुने गरी आश्चर्य लाग्दा कलाका आधारमा तथा स्थानीयता समेत झल्कने गरी निर्माण गरिनु पर्दछ । यसो गरिएमा मात्र शत-प्रतिशत भूभागको सही प्रयोग

डा. शास्त्रदत्त पन्त

हुन जान्छ; लक्षित वस्तुको उत्पादकत्व बढ्दछ । तथ्यांकहरू सही हुन्छन् । भू-स्खलन रोकिन्छ; वातवारण स्वच्छ हुन्छ । वनजंगलको क्षत्र बढ्छ । जंगली जनावर र पंक्षीको संख्या बढ्छ । जडिबुटीको अभूतपूर्वक विकास हुन्छ । निर्यातमूलक व्यापारको बढोत्तरी हुन्छ ।

६.निकुञ्ज बाहिर वस्ती क्षेत्रको साइजका आधारमा (अ) जटिबुटी प्रशोधन उद्योग (आ) मौलिक हस्तकलाका वस्तु उत्पादन उद्योग (इ) हिमाली पशु पालन तथा (ई) फलफूल खेती व्यवसाय (उ) पर्यटकीय स्वास्थ्य र (ऊ) पर्यटकीय शिक्षा संचालन हुनुपर्दछ । यसो गर्दा : (क) वस्तीका मानिसको श्रमको सदुपयोग हुन्छ (ख) कच्चा पदार्थ बढेका आधारमा घरेलु उद्योग पनि बढ्छन् (ग) झुसे बानीमा क्रान्तिकारी परिवर्तन आउँछ (घ) नयाँ सोचाई र नयाँ जोश जाँगर पलाउँछ । यस योजनाबाट समाजिक/आर्थिक रूपान्तरण र जनताले खोजेको क्रान्तीकारी परिवर्तन हुन्छ । फेरि वातावरण र अन्य सुरक्षाको लागि एक पटकमा प्रति वर्ग कि.मि. १ जना भन्दा नपर्ने गरी निकुञ्जको प्रवेश रोक्नु पर्दछ । वढि हुने पर्यटकलाई व्यवस्थापकले ग्रामीण पर्यटन, नदी जल विहार, कला संस्कृति अवलोकन, धार्मिक पर्यटन आदिमा आकर्षित गर्नुपर्दछ । यसबाट बढ्ने रोजगारहरू शतप्रतिशत नेपालीले पूर्ण रोजगार नपाएसम्म विदेशी कसैलाई दिन हुँदैन । नेपालीमा आवश्यक ज्ञान, सीप र क्षमता छैन भने त्यो पुरागर्न सरकारले निशुल्क प्रशिक्षणको व्यवस्थागरिदिनु पर्दछ । निकुञ्जभित्र विश्वका उत्कृष्ट शिखरसम्मेलन, गोष्ठी, सभा, कार्यशाला, अनुसन्धान तथा खोजमूलक उत्किृष्ट सम्मेलन गराउने, त्यसको दीगो व्यवस्था गराउने एक पाँचतारे होटललाई एक आयोजनाको हिसाबले दिने व्यवस्था गरिनु पर्दछ । यसले शिखर सम्मेलनको सही अर्थबोध पनि गराउँछ ।

७.यस निकुञ्जलाई विश्वको कोलाहलमुक्त एकमात्र कुमारीप्रकृतिको शान्तिक्षेत्रका रूपमा विकास गरिनुपर्दछ । पूर्वदेखि पश्चिमसम्म फैलिएको यस निकुञ्जमा हुन सक्ने घना जंगल, झाडी, बुट्यान, जरीबुटी, पशुपक्षीहरू सबै प्राकृतिक रूपमै स्वतः विकास हुने गरी दीगो योजना बनाउनु पर्दछ । त्यहाँ कस्तुरीमृग, हिम चितुवा र यस्तै अनेकानेक पशु र पंक्षीलाई भू-स्थलले थाम्न सक्ने गरी वृद्धिहुने वातावरण बनाउनु पर्दछ । संरक्षण दिएर अधिकतम वृद्धि गरिनुपर्दछ । यहाँ हुने जडीबुटी र पशुपंक्षीको लगत राख्ने, अनुसन्धानगर्ने तथा तिनको जिम्मेवारीपूर्ण व्यवस्था गर्न सक्नेगरी प्रशासनिक सङ्ठनको दीगो व्यवस्था गर्नु पर्छ । आफूखुसी जडिबुटी खनेर, टिपेर, काटेर लाने आजको पद्धतिको सदाकालागि अन्त्य गरिनु पर्दछ ।

वनश्रोत

१.नेपालको वन हिमालसँग जोडिएको विशेष आकर्षणको क्षेत्र हो । यसको र वातावरणको संरक्षणमा वन तथा भूसंरक्षण मन्त्रालय, प्रकृतिक श्रोत संरक्षण अन्तरराष्ट्रिय युनियन, एकीकृत पहाड विकास केन्द्र, खतरामा परेका पशुपंक्षीको व्यापार कन्भेनसन, नेपाल पर्यटन बोर्ड, रामसार, युनेस्को, वेटलैन्ड इनभेन्टोरी, विश्व वन्यजन्तु कोष, प्रकृति संरक्षण राष्ट्रिय कोष, सिमसार दीगो संरक्षण आयोजन आदि ...

१० हजार मिटर गहिरो खाडल किन ?

चीनले १० हजार मिटर गहिरो खाडल खन्नुको रहस्य के होला ?

चीनले १० हजार मिटर गहिरो खाडल खन्दैछ । किन र कुन उद्देश्यले खनिएको होला ? विश्वभरि नै उत्सुकता छ, चर्चा र चासो बढेको छ ।

बेइजिङको खुलासा अनुसार मे महिनामा पृथ्वीको आन्तरिक संरचना अध्ययन गर्न १० हजार मिटर गहिरो ड्रिल गरिसकेको चीनले अर्को दोस्रो अल्ट्रा डिप ड्रिलिंग परियोजना कार्यान्वयन गर्न थालिसकेको छ । विभिन्न विज्ञहरूले भनेका छन्- चिनियाँ योजना पृथ्वीको प्राकृतिक ग्याँसको भण्डारमा कब्जा जमाउनु हो ।

सिन्ह्वाको रिपोर्ट छ- यो योजना चाइना नेशनल पेट्रोलियम कर्पोरेसन (सीएनपीसी) हो । यो योजना सिचुआन प्रान्तको शेन्डी चुआन्के मा रहेको छ । चीनको सिनजियाङमा अघिल्लो इनारको प्रायोगिक फोकस मुख्यतया ड्रिलिंग टेक्नोलोजी परीक्षण गर्न र पृथ्वीको आन्तरिक संरचनामा डाटा सङ्लन गर्न थियो । सिचुआनमा हालको परियोजना विशेष गरी अति गहिरो प्राकृतिक ग्याँस भण्डारहरू अन्वेषण गर्ने उद्देश्य रहेको विश्लेषण भइरहेको छ । चीनले यस्ता अनेक योजना सञ्चालन गरिरहेको छ ।

स्मरणीय छ, रूसले यस अघि काला सुपरदीप बोरेहोलले १२ हजार २६२ मिटर गहिरो प्वाल खनेको थियो । त्यसबारे आजकल कुनै सूचना आउँदैन ।

बागमती दायाँ हरियाली, बायाँ फोहर

काठमाडौं । बागमती पारी ललितपुरतिरको कोरिडोर व्यवस्थित, हरियाली । बागमती वारी, काठमाडौंतिरको भाग फोहरै फोहर । मेयर बालेन साहले अव्यवस्थित बस्ती र सार्वजनिक जग्गा खाली गराउन खोज्दा माओवादी पार्टीका मन्त्री नारायणकाजी

श्रेष्ठले असहयोग गरे । फलतः बागमती करिडोर सफा हुनसकेन । कारण बागमती वारीको किनारमा आओवादीले आफ्ना भोटरलाई राखेको छ । कतिपय त राजधानीमा घर भएका पनि छन्, कतिपयले करिडोर घर बनाएर भाडामा पनि लगाएका छन् । हुँदा खाने होइन, हुनेखानेहरू बढीको बस्ती हो यो ।

ललितपुरतिरको किनारमा युएन पार्क पनि छ । हरियाली र व्यवस्थित भएका कारण आवतजावत बढी छ । तर काठमाडौंतिरको बागमती किनार अस्थव्यस्त छ । सुकुम्वासीका नाममा केही सुकुम्वासी र अधिकांश हुकुमवासीको बस्ती भएका कारण तिनलाई कडा ठानिएका मेयर बालेन साहले समेत हटाउन सकेनन् । कठै राजधानी । सत्ता र शक्तिको चरम दुरूपयोग भइरहेको छ राजधानीमा ।



परिवर्तनतिर लाग्यो मुलुक

पूर्वराजा थाइलेण्ड हुँदै सिंगापुरतिर, सत्ताका प्रम इटलीतिर, प्रमुख प्रतिपक्षी एमाले अध्यक्ष कम्बोडियातिर, कांग्रेस सभापति देउवा उपचारका नाममा सिंगापुर पुगेर फर्केका हुन् । यसअघि सुजाता कोइराला पनि सिंगापुर नै पेर फर्किएकी हुन् । अर्थात् भित्रैभित्रै केही न केही पाकिरहेकै छ । सबैको मुकाम सिंगापुर बनेको छ । यसअघि थाइलेण्डलाई सहज मानिन्थ्यो, अब सिंगापुर सहज बनेको छ भेटघाटका लागि । यता देश लठभद्र हालतमा छ । राजनीति तस्करीमा समेत मुछिन थालेको छ भने प्रशासन भ्रष्टाचारमा मुछिएको छ । राजनीति तरल अवस्थामा पुगिसकेको स्थितिमा विदेशतिर तारन्तार नेताहरू गइरहनु निश्चय नै उत्सुकता हो ।

प्रष्ट भयो, यी नेताको सोचबाट स्थिर र शान्तिपूर्ण रूपमा चल्न सक्दैन । यसकारण संविधानमै राजतन्त्रलाई स्थान दिनुपर्छ भन्ने मान्यता बलियो बन्दै गएको छ । यसबारेमा देशभित्र र देश बाहिरका मित्रहरूले पनि सोच्न थालेको बताइन्छ ।

देशभित्र हरेक दिनजसो नयाँ नयाँ काण्डहरू सिर्जना भइरहेको छ । यी काण्डमा ठूला नेता, ठूला पार्टी संलग्न भएका प्रमाणहरू सार्वजनिक भइरहेका छन् । ठूला माछा, साना माछा, भरियाजस्ता चर्चा जनमानसमा चर्चाका विषय बनेका छन् । नयाँ पुराना काण्डहरूको नालीवेली बाहिर आउन थालेका छन् । गौर हत्याकाण्ड छानबिन गर भन्ने आवाज गौरतिर उठेको छ । माओवादीकालमा छापामार शिविरमा भएका भ्रष्टाचार, बालसेनाको प्रयोग, आम्मी, वाइडबडी विमान खरिदमा घोटाला, एनसेलेलाई कर छुट आदि इत्यादि सबै प्रकरणको चर्चा बढ्दै गएको छ । अर्थात जे जति काण्डहरू सार्वजनिक भएका छन्, यसले गणतन्त्र चल्दैन भन्ने देखाएको छ ।

स्वयम् पूर्वराजाले पर्व पर्वका सन्देशहरूमा झैं सुनसरी, धनगडी, नेपालगञ्ज, सुर्खेतमा भएको नागरिक अभिनन्दनमा समेत 'मिलेर जाउँ' भन्ने संकेतलाई पार्टीहरूले नजरअन्दाज गर्नाले देशभित्र र बाह्य जगतसमेत सन्तुष्ट देखिदैनन् । यही वेलामा नेपाली सेनाको संख्या घटाउनु पर्छ भनेर एमाले र रास्वपाका सांसदले बोलेपछि सत्तापक्ष किन मौन बस्यो भन्ने विषयले नेपाली सेनाको मनमा चिसो पसेको छ । यी सबै घटनाक्रमले लाग्छ, कोही पनि सन्तुष्ट छैनन् । नेपाल फेरि एकपल्ट परिवर्तनको दोसाधमा उभिन पुगेको छ । सकिने कि सच्चिने ? परिवर्तन कि यथास्थिति ? यी प्रश्नले नेपाली जनमानसलाई नराम्ररी घचघच्याइरहेको देखिन्छ ।

एकथरि भन्छन्- भारत र चीनलाई ०४६ र ०६३ सालमा विवादमा ल्याइएको थियो । एमसीसीका कारण अमेरिकालाई सडकमा अपमान नै गरियो । राजा महेन्द्रले अमेरिकीलाई पिसकोरमा काम गर्न दिए । त्यतिबेला अमेरिका आउँछ भन्ये, आएन । अहिले एमसीसीमा अमेरिकी सेना आउँछ भनेर बदनाम गरिदैछ । एमसीसी चाहियो भनेर माग्ने यिनीहरू, एमसीसी संसदबाट पास गर्ने यिनीहरू । वीआरआई चाहियो भनेर माग्ने र संलग्न हुने निर्णय गर्ने यिनीहरू । फेरि अमेरिका र चीनलाई दोष किन ? कसरी देश हितमा एमसीसी र वीआरआईलाई उपयोग गर्न सकिन्छ, यसबारेमा संसदमा बहस गर्दैनन्, कार्यकर्तालाई विरोधमा उतार्छन् । अचम्म ?

एकातिर सहयोग माग्ने, लिने, अर्कोतिर दाताकै विरोध गर्ने गराउने ? यस्तो शासन प्रणालीले न समृद्धि आउँछ, न मैत्रीभावकै विकास हुनेछ । नेपालको इतिहासमै यतिबिघ्न नग्न रूपमा भ्रष्टाचार र राष्ट्रघात भएको थिएन । त्यतिबेला नेपाल र नेपाली सुरक्षित थिए । अब त अपराधिक घटना गर्ने गराउनेलाई समेत छुट दिने कानुन बनाउँदैछन् । अपराधिक घटनामा छिमेकीलाई मुछन खोजिदैछ । भर्खर भएको १ सय ५५ किलो सुनकाण्डमा चीन र भारतलाई मुछुन खोजिदैछ । यो पनि गलत हो । शरणार्थी काण्डमा अमेरिकालाई मुछियो । आत्मघात गर्ने, गल्ती गर्ने हाम्रो शासन, प्रशासन, कर्मचारी, सुरक्षाकर्मी दोष मित्र देशमाथि थोपर्ने ?

यदि शासन प्रशासन नसुध्ने हो भने लथालिङ्ग चाला अरू बढ्नेछ, अपराधी र माफियाको हुकुम चल्नेछ । यो अवस्थामा छिमेकी वा मित्र देशलाई दोष देखाएर पन्छिन सकिनेछैन । अविश्वसनीय बनेका हामी अस्तित्वको संकटमा पर्नेछौं ।

राजनीतिक उथलपुथलपछिको सङ्कट...

कमल चौलागाई

सत्तापाप्तिमा मात्रै केन्द्रित राजनीतिक दल र सरकारको क्रियाकलापकाप्रति हुने जनविद्रोहले प्रतिगमनलाई त निम्त्याउने होइन ? भन्ने लक्षण देखिइदैछ । आन्तरिक स्रोतले कर्मचारीहरूको तलब पनि खुआउन नसिकिने अवस्थामा नयाँ बजेटले कस्तो परिणाम ल्याउला ? सबैको चासोको विषय बनेको छ । गठबन्धनको कमजोर सरकार र गिर्दो अर्थव्यवस्थाका बीचमा सम्भावनालाई सफलतामा पुऱ्याउँदै राष्ट्रिय अखण्डतालाई अक्षुण्य बनाइराख्न निम्न विशेष प्रयास गर्नुपर्नेछ ।

- राष्ट्रिय संकल्पतथा स्वराज्य र मेलमिलाप: आन्तरिक र वाह्रय दुवै क्षेत्रमा अस्थिर राजनीतिका कारण संशय र असहयोगको वातवरण भएकाले मुलुकको संकल्प र विश्वास जगाउन सही सिद्धान्त तथा मार्गचित्र स्पष्ट पार्नुपर्दछ । राष्ट्रिय एकता तथा सहकार्यलाई सम्बोधन गर्ने स्वराज्य र मेलमिलापलाई मार्गचित्रको रूपमा अगाडि बढाउँदा असहमतिका बीचमा सहकार्य र सहयोग प्राप्त गर्न सकी राष्ट्रिय मनोवल उच्च भइरहनेछ । औपनिवेशिक कालमा पनि मुलुकलाई स्वतन्त्र बनाइराख्न सफल रहेको नेपाली इतिहासले सही सिद्धान्त र व्यवहारमार्फत उच्चमनोबल बनाइराख्न सफल हुने हुँदा 'स्वराज्य र मेलमिलाप' सिद्धान्तलाई राष्ट्रियता र प्रजातन्त्रलाई सम्बोधन गर्ने सूत्रको रूपमा स्वीकार्नु पर्दछ ।

आध्यात्मिक सांस्कृतिक प्रभावमा रहेका नेपाली जनताले आफ्नो दैनिक जीवनयापन गर्दै निर्माण गरेका र अभ्यास गरिरहेको संस्कृतिलाई आत्मसात् गर्न नसक्दा समाजवाद अघि बढ्न सक्ला ? सर्वत्र छलफल भइरहेका विषय हुन् ।

राष्ट्रिय एकीकरणको नेतृत्व गरेको राजसंस्थाले राष्ट्रिय एकताको प्रतीकका रूपमा कार्य गरिरहेको विगतको इतिहासलाई राजसंस्थाको अभावमा सबैको स्वीकार्य 'स्वराज्य र मेलमिलाप' सिद्धान्तका आधारमा अगाडि बढाउन ढिलाइ गर्नुहुन्न । सदा स्वतन्त्र रहन यही स्वराज्यको भावनाले सम्भव भएको हुँदा स्वराज्य सबैले आफ्नो ढाक्ने सिद्धान्त हो । राष्ट्रियता र प्रजातन्त्रलाई सँगसँगै लैजान नसक्दा विभाजित भएको राजनीतिलाई सही मार्गमा ल्याउन वीपी कोइरालाले राष्ट्रिय मेलमिलापको नीति ल्याउनु परेको थियो । राष्ट्रियता र मेलमिलापलाई सैद्धान्तिक हिसाबले प्रष्ट पारेको 'स्वराज्य र मेलमिलाप' सिद्धान्तमार्फत पुनः राष्ट्रिय एकीकरणको अभियानमा अगाडि बढ्नु जरूरी छ ।

ठूलो राजनीतिक उथल-पुथलपश्चात निर्माण भएको संविधान सुधारको पर्ख्याइमा रहेको छ । हरेक राजनीतिक आन्दोलनपश्चात संविधान संशोधनभन्दा पनि संविधान नै फ्याक्ने प्रवृत्तिले प्रतिगमनतर्फ मुलुकलाई पुऱ्याउने हुँदा धर्मको विषयमा, नागरिकताको विषयमा, पहिचानको विषयमा आवश्यक संशोधन राष्ट्रिय बहसको विषय बनाउँदै शान्तिपूर्ण रूपान्तरण गरिनुपर्नेछ ।

संविधानलाई अझै नागरिकले अपनत्व ग्रहण गरिसकेको देखिदैन । संविधानलाई सबैको स्वीकार्य बनाउनुपर्नेछ । संस्कृति, स्वराज्य र समाजवाद : संविधानले नै समाजवादलाई स्वीकारेको अवस्थालाई मौलिक नेपाली परम्परा अनुरूप परिभाषा गर्दै दिगो बनाउन संस्कृति र स्वराज्यको सिद्धान्तले सहयोग गर्ने हुँदा सांस्कृतिक समाजवादको नयाँ अवधारण विश्वमा स्थापित गराउन सकिन्छ । तीन सय पैसट्ठी दिन नै तिथिपर्व मनाइने नेपालमा सांस्कृतिक समाजवादको अभ्यास दैनिक रूपमा जनताहरूले अभ्यासमा ल्याइरहेका हुन् । 'सम' उपसर्ग र 'कृ' धातु मिलेर बनेको संस्कृति शब्दको अर्थ भूषणभूत सम्यक चेष्ठा छ । जुन चेष्ठाहरूद्वारा मनुष्य आफ्नो जीवनका समस्त क्षेत्रमा उन्नति गर्दै सुख-शान्ति प्राप्त गर्दछन् ।

यस्ता चेष्ठाहरू नै मनुष्यका वैयक्तिक, सामाजिक, आर्थिक, राजनीतिक, धार्मिक आदि सबै क्षेत्रमा लौकिक-पारलौकिक अभ्यूदयको अनुकूल देहेन्द्रिय, मन, बुद्धि, चित्ताझारको चेष्ठा नै उसको भूषणभूत सम्यक चेष्ठाया संस्कृति हो । एवं प्रकार मनुष्यको लौकिक-पारलौकिक सर्वोभ्यूदयको अनुकूल आचार-विचार नै संस्कृति हो । आध्यात्मिक सांस्कृतिक प्रभावमा रहेका नेपाली जनताले आफ्नो दैनिक जीवन यापन गर्दै निर्माण गरेका र अभ्यास गरिरहेको संस्कृतिलाई आत्मसात् गर्न नसक्दा समाजवाद अघि बढ्न सक्ला ? सर्वत्र छलफल भइरहेका विषय हुन् । हाम्रो संस्कृति के समाजवाद निर्माणको मार्गमा बाधक हुन् ? द्वन्द्वात्मक भौतिकवादमा आधारित कम्युनिष्ट सिद्धान्तले वर्ष दिनभरि नै तिथि-पर्वका आधारमा मनाइने संस्कृतिहरूप्रति उदासीनता वा उपेक्षा गर्नाले जनताको मन जित्न सक्लान् ? विविध प्रश्नहरू देखिन्छन् । बहुधार्मिक, बहुसांस्कृतिक स्वरूपको नेपाल सांस्कृतिक पर्यटनको माध्यमले समृद्धिमा पुग्न सक्ने हुनाले त्यसतर्फ स्थानीय सरकार, प्रदेश सरकार र संघीय सरकारले कार्यक्रम ल्याउनुपर्ने देखिन्छ । नेतृत्व वर्गमा इच्छाशक्ति र समभाव विकास हुनैपर्छ खुला संग्रहालयका रूपमा रहेको नेपाल आज पनि विदेशी पर्यटकहरूका लागि आर्कषणको केन्द्र रहेकाले दैनिक अवलोकनस्थल बनेको छ ।

पशुपतिनाथ र विश्वव्यवस्था : आस्थाका आधारमा विश्वका हिन्दूहरू पशुपतिनाथको दर्शनमा आउने भए तापनि नयाँ विश्व व्यावस्थाको प्रेरक तथा आधार स्थलका रूपमा प्रचार र व्यावस्थापन गर्न सक्दा वार्षिक पचास लाख धार्मिक पर्यटकहरूलाई नेपाल भित्र्याउन सकिन्छ ।

संस्कृति र सम्पदाहरूलाई पर्यटनको स्रोतका रूपमा प्रचारप्रसार तथा व्यवस्थापन गर्न सक्दा संविधानले परिकल्पना गरेको समाजवादका साथै आर्थिक समृद्धि पनि ल्याउने हुँदा ठोस कार्यक्रम अगाडि बढाउनुपर्दछ । धार्मिक सांस्कृतिक पर्यटनको प्रवर्द्धनको उद्देश्यले नेपाल-भारत चेम्बर अर्फ कमर्सद्वारा नेपाल र भारतका प्रमुख तीर्थस्थलहरूको सचित्र पुस्तक प्रकाशन गर्नुका साथै छलफललाई अगाडि बढाएको पाइएको छ । एक अर्ब पच्चीस करोडभन्दा माथि रहेको भारतीय जनतालाई नेपाल भित्र्याउन सक्दामात्रै पनि नेपालको पर्यटनको विकास सम्भव हुन सक्छ । गैरसरकारी क्षेत्रको प्रयासमा सरकारी सहयोगले भारत-चीन तथा विश्वका पर्यटकहरू नेपाल भ्रमणका लागि उत्साहित हुँदै मुलुकको अर्थतन्त्र मजबुत हुने हुँदा निम्न भ्रमण पथ, पर्यटक गन्तव्य, प्राकृतिक सौन्दर्यताको विशेष प्रचार हुनु पर्छ । वर्षभरि नै सम्पदा र संस्कृति महोत्सवको आयोजना गरी आर्थिक समृद्धिका साथै विश्वलाई नै सभ्य बनाउने अभियानको थालनी गर्न सक्ने देखिन्छ ।

चर्चा बुद्धिनारायणको...

सीमाविद बुद्धिनारायण श्रेष्ठ । सीमाका अनेक सत्यतथ्यका ज्ञाता हुन् बुद्धिनारायण श्रेष्ठ । प्रम प्रचण्ड भारत भ्रमणमा जाँदा कालापानी, लिपुलेक, लिम्पियाधुराको समस्या समाधानको उपायका रुपमा बुद्धिले जमिन सट्टापट्टा गरौं भन्ने सुझाव दिए । उनको विचारको सकारात्मकभन्दा नकारात्मक टिप्पणी बढी भएको थियो ।

डेंगीबाट बचौं

- उच्च ज्वरो आउनु ।
- जोर्नी र मांसपेशीहरूमा असह्य पीडा हुनु ।
- आँखाको गेडी दुख्नु ।
- अत्याधिक टाउको दुख्नु ।
- शरीरमा राता बिमिराहरू आउनु ।
- वाकवाकी लाग्नु वा बान्ता हुनु ।

यस्ता लक्षणहरू देखा परेमा डेंगी हुनसक्छ । तत्काल चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड